# हाम्रो चन्द्रागिरि

**पाठ्यक्रम  २०७७**

**कक्षा १-८**

चन्द्रागिरि नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, बलम्बु, काठमाण्डौ

## हाम्रो चन्द्रागिरि

## पृष्ठभूमि

### परिचय

शिक्षाले नै मानव सभ्यतालाई आजको अवस्थामा ल्याइपुऱ्याएको हो । आदिमकालदेखि नै आमा, बाबु, दाजु, दिदी र अग्रजहरूले आफूले अनुभूत गरेका वा हासिल गरेका उपयुक्त र आवश्यक ज्ञान, सिप र व्यवहार आफूभन्दा सानालाई हस्तान्तरण गर्दै आए ।ज्ञान, सिप र व्यवहार स्थानान्तर गर्ने विभिन्न स्वरूपको विकास हुँदै आज शिक्षाले औपचारिक, अनौपचारिक र अनियमित स्वरूपमा आफूलाई प्रस्तुत गरेको छ । विद्यालय र विश्वविद्यालयका औपचारिक र अनौपचारिक शिक्षामा विश्व समुदायले ठुलो लगानी गरिरहेको छ । विश्व बदल्ने आजको शिक्षाको मेरुदण्ड हामीले बनाउने योजना वा पाठ्यक्रम हो ।व्यक्ति, समाज र देशको आवश्यकता परिपूर्ति गर्न प्रत्येक विद्यार्थीमा अन्तरनिहित क्षमताको विकासका लागि विद्यालयभित्र र बाहिर सञ्चालन गरिने सिकाइको समग्र योजना पाठ्यक्रम हो ।व्यक्तिले के सिक्ने ? कहिले सिक्ने ? कहाँ सिक्ने ? कसले सिकाउने ? कसरी सिक्ने ? सिकेको कुरा कसरी यकिन गर्ने आदि सिक्ने-सिकाउने प्रकृयाको प्रबन्ध पाठ्यक्रममा गरिएको हुन्छ ।पाठ्यक्रमले सिकाइको उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था निर्धारण गर्ने विधि स्पष्ट पारेको हुन्छ ।यसैगरी, स्थानीयस्तरको शिक्षाको उद्देश्य हासिल गर्न स्थानीय विषयवस्तु, ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदा, सामग्री, विधि, सम्भावना आदिलाई समेटेर स्थानीय विद्यार्थीका सिकाइका लागि स्थानीय आवश्यकतामा केन्द्रित भएर बनाइएको शिक्षाको योजना स्थानीय पाठ्यक्रम हो ।पाठ्यक्रम निर्माणका सिद्धान्त र अवधारणालाई आत्मसात् गर्दै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, पन्धौं योजना,राष्ट्रिय शिक्षा नीति र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले प्रदान गरेको अधिकार, नीति र ढाँचाको आधारमा चन्द्रागिरि नगरपालिकाले यो स्थानीय पाठ्यक्रम निर्माण गरेको हो ।

यस पाठ्यक्रममा चन्द्रागिरि नगरपालिकाको स्थानीय पाठ्यक्रमको पृष्ठभूमि, आधारभूत तहको शिक्षाको अवस्था चन्द्रागिरि नगरपालिकाको स्थानीय पाठ्यक्रमअनुसार विद्यार्थीले हासिल गर्ने सक्षमता र उद्देश्य, कक्षा एकदेखि कक्षा आठसम्मको स्थानीय पाठ्यक्रमको कक्षागत सिकाइ उपलब्धि, चन्द्रागिरि नगरपालिकाको स्थानीय पाठ्यक्रमको विषयगत क्षेत्र र विषयवस्तु, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन विधिसमेत उल्लेख गरेर यो स्थानीय पाठ्यक्रमको खाका तयार गरिएको हो ।

### स्थानीय पाठ्यक्रमसम्बन्धी नीतिगत व्यवस्था

नेपालको संविधानले प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन गर्ने हक हुने उल्लेख गरेको छ । संविधानको अनुसूची-८ मा स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको अधिकार प्रदान गरेको छ । पन्ध्रौं योजनामा स्थानीय तहमा रहेका रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकृत गरिने, दीगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण तथा स्थानीयकरणमा विशेष जोड दिइने, परम्परागत र स्थानीय प्रविधिको सम्वर्दन र संरक्षण गर्ने,पाठ्यक्रम तथा पाठ्यसामग्री स्थानीय तहबाट निर्माण, विकास, वितरण र कार्यान्वयन गर्ने, विद्यालयको योजना तर्जुमा गर्ने, स्रोत

व्यवस्थापन, अनुगमन, सुपरीवेक्षण गर्ने, आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, स्थानीय तहको पाठ्यक्रम निर्माण लगायत स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने शैक्षिक क्रियाकलापहरूमा समुदायलाई सहभागी गराउने र पाठ्यक्रम पुनर्सङ्गठन र कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास गर्ने गरी स्थानीय तहको क्षमता विकास गर्ने कार्यनीति अवलम्बन गर्ने उल्लेख गरिएको छ ।स्थानीय तहको काम, कर्तव्य र अधिकार व्यवस्थित गरिएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज)(४) मा मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमनसम्बन्धी व्यवस्था गरी स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्थालाई इङ्गित गरेको छ । त्यस्तै, उक्त ऐनको दफा ११ (ज) (१८) मा स्थानीयस्तरको ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण गर्ने उल्लेख गरिएको छ।

नेपाल सरकारले विद्यालय शिक्षाको पाठ्यक्रम विकास, व्यवस्थापन र मूल्याङ्कन गर्न केन्द्रीय तहमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद् गठन गरेको छ । नेपालभरिको विद्यालय शिक्षाको पाठ्यक्रमको नियमन र नीतिगत व्यवस्थाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरेको छ । उक्त प्रारूपमा स्थानीय पाठ्यक्रमका सम्बन्धमा निम्नअनुसार उल्लेख गरिएको छः

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिनेछ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट हुनेछ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न बालकेन्द्रित र स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिनेछ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइनेछ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शिक्षण विधिका सम्बन्धमा विद्यालयले निर्णय लिनेछ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति प्रदेश वा स्थानीय तहमा रहने पाठ्यक्रम सम्बद्ध संरचनाबाट हुनेछ ।

**हाम्रो चन्द्रागिरि पाठ्यक्रम विकासको औचित्य**

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत तह कक्षा १ देखि कक्षा ८ सम्म विद्यालय तथा स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी एउटा स्थानीय विषय रहने र सोको विकास स्थानीय तहले गर्ने जिम्मेवारी दिएको छ । यसै सन्दर्भमा चन्द्रागिरि नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका विद्यालयमा

कार्यान्वयन गर्ने गरी स्थानीय विषयका रूपमा **हाम्रो चन्द्रागिरि** पाठ्यक्रम विकास गरेको हो । यो पाठ्यक्रम विकास गर्नुको औचित्य निम्नअनुसार छः

(१) पाठ्यक्रमका माध्यमबाट स्थानीय तहका आवश्यकताहरूलाई सम्बोधन गरी सिकाइलाई व्यावहारिक र प्रभावकारी तुल्याउन

(२) नगरपालिकाभित्र रहेका विद्यालयहरूमा विद्यालयपिच्छे स्थानीय विषयका रूपमा विभिन्न प्रकारका विषयहरू पठनपाठन प्रयोगमा रहेकाले सबै विद्यालयका स्थानीय विषयमा एकरूपता ल्याउन

(३) आफ्नो मातहतका सबै विद्यालयमा स्थानीय विषयको पठनपाठन हुने वातावरण तयार गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न

(४) प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन गर्ने हक हुने संवैधानिक प्रावधानलाई कार्यान्वयनमा ल्याउन

(५) स्थानीय तहमा रहेका रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपलाई एकीकृत गर्न

(६) दीगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण तथा स्थानीयकरणमा विशेष जोड दिन

(७) परम्परागत र स्थानीय प्रविधिको सम्वर्दन र संरक्षण गर्न

(८) स्थानीय तहबाट पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण, विकास, वितरण र कार्यान्वयन गर्ने क्षमता विकास गर्न

(९) चन्द्रागिरि नगरपालिकाको पर्यटकीय सम्भावनाको पहिचान गरी स्वरोजगार र रोजगारको अवसर सिर्जना गर्न

(१०) स्थानीय ज्ञान, सिप र प्रविधिलाई विश्वव्यापीकरण गर्न र विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न

(११) चन्द्रागिरि नगरपालिकाको पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्न ।

**हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय पाठ्यक्रम निर्माणको प्रारूप र नीतिहरूजस्ता पक्षका कारण स्थानीय सरकारले स्थानीय पाठ्यक्रम अनिवार्य रूपमा बनाउनु परेको हो । यसलाई कार्यान्वयनमा ल्याउन चन्द्रागिरि नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रममा पनि नगरस्तरीय स्थानीय पाठ्यक्रम तर्जुमा गरी यस वर्ष कुनै दुई विद्यालयमा प्रयोग गरिनेछ भनिएबमोजिम पाठ्यक्रम निर्माणको यो काम गरिएको हो। यसमा स्थानीय इतिहास, कला, संस्कृति, साहित्य, भाषा, लिपि, कानुन, वन, कृषि, पर्यटन आदिको निर्माणको लागि कोषको व्यवस्था गरिनेछ" भन्ने उल्लेख भएको र सो आर्थिक वर्षका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्न बजेटको समेत विनियोजन भएको हुँदा चन्द्रागिरि नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माणका लागि नगर कार्यपालिका बैठकमा प्रस्ताव गरिएको थियो । नगर कार्यपालिका बैठकको छलफल र निर्णयअनुसार निम्न विधि र प्रक्रिया अवलम्बन गरी **हाम्रो चन्द्रागिरि** नामक चन्द्रागिरि नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यस क्रममाः

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेको स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को मार्गदर्शन अनुसरण गरिएको छ ।

२. चन्द्रागिरि नगरपालिका स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन र आवश्यक मार्गनिर्देशन गर्न नगर कार्यपालिका बैठकबाट निम्नअनुसार सल्लाहकार समिति गठन गरेर उक्त समितिको समेत मार्गदर्शनलाई आधार मानिएको छ ।

<u>स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार समिति</u>

संयोजकः नगरप्रमुख, श्री घनश्याम गिरी
सदस्यः नगरउपप्रमुख, श्री लिशा नकर्मी
सदस्यः प्रमुख प्रशासकीय अधिकृत, चन्द्रागिरि नगरपालिका
सदस्यः नगर प्रवक्ता, श्री हरिभक्त महर्जन
सदस्यः लेखा अधिकृत, चन्द्रागिरि नगरपालिका

३. स्थानीय पाठ्यक्रम निर्माणका लागि सल्लाहकार समितिबाट निम्नअनुसार स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको हो

<u>स्थानीय पाठ्यक्रम निर्माण कार्यदल</u>

संयोजकः श्री सन्तोष खड्का, सामाजिक विकास समिति संयोजक
सदस्यः डा. श्री गणेशराज अधिकारी, पाठ्यक्रम विज्ञ
सदस्यः श्री वासुदेव ढुङ्गेल, पाठ्यक्रम विज्ञ
सदस्यः श्री करुणा घिताल, पाठ्यक्रम विज्ञ
सदस्यः श्री रवीन्द्र रिजाल, संस्कृति तथा इतिहास विद्, चन्द्रागिरि
सदस्यः श्री गुणराज भट्ट, पर्यटन विद्, चन्द्रागिरि
सदस्यः श्री दयाराम थापा, प्रधानाध्यापक, ब्राइट फ्युचर मा वि, (संस्थागत विद्यालय)
सदस्यः श्री इन्द्रप्रसाद काप्री, प्रधानाध्यापक, भीम मा वि, (सामुदायिक विद्यालय)
सदस्यसचिवः श्री कर्णबहादुर भुवाजी, प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा

४. कार्यदलबाट स्थानीय पाठ्यक्रमको खाका निम्नानुसार तयार गरिएकोः

क. पृष्ठभूमि
ख. तहगत तथा कक्षागत सक्षमता/ उद्देश्य
ग. कक्षागत विषयवस्तु
घ. कक्षागत सिकाइ उपलब्धि

ङ. समय निर्धारण (पाठ्यभार)

च. पाठ्यक्रमको विस्तृतीकरण

छ. विषयवस्तुगत शिक्षण विधि र प्रक्रिया

ज. विद्यार्थी मूल्याङ्कन

५. कार्यदलका सदस्यहरूको नियमित उपस्थिति र छलफलबाट स्थानीय पाठ्यक्रम हाम्रो चन्द्रागिरिको मस्यौदा तयार गरिएको ।

६. मस्यौदा पाठ्यक्रममाथि सल्लाहकार समितिसँग छलफल गरी प्राप्त सुझावअनुसार थपघट गरिएको ।

७. सल्लाहकार समितिको सुझाव समेटिएको मस्यौदालाई स्थानीय शिक्षाविद, शिक्षक, विद्यार्थी र अभिभावकसँग छलफल गराई राय सुझाव लिइएको ।

८. विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव समावेश गरेको मस्यौदालाई पाठ्यक्रम विकास केन्द्र सानोठिमीका पाठ्यक्रम विज्ञबाट मूल्याङ्कन गराई आवश्यक परिमार्जन गरिएको ।

९. सबै सरोकारवालाहरूको रायसुझाव र पाठ्यक्रम विज्ञको मूल्याङ्कन भएको पाठ्यक्रम मस्यौदालाई चन्द्रागिरि नगरपालिकामा कार्यान्वयनका लागि सल्लाहकार समितिको अनुमोदन र नगर कार्यपालिकाबाट स्वीकृति प्रदान गरिएको ।

## विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन्:

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशीलर सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा संचार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

**विद्यालय शिक्षाको तहगत संरचना**

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुनेछ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुनेछ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिनेछ । विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छः

तालिका १: विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

स्रोत : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

**विद्यालय तहको पाठ्यक्रम संरचना**

विद्यालय तहको पाठ्यक्रम संरचना निम्नानुसार रहेको छः

**तालिका २: प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना**

| क. सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घन्टामा) |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइ क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| जम्मा | | | ५७६ |

स्रोत : पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, वाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घन्टाका दरले वर्षभरिमा २५६ घन्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।

**तालिका ३: आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना**

| क. सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा | ८ | २५६ |

| | | | |
|---|---|---|---|
| | सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | | |
| ५. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

स्रोतः पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर ।

पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घन्टाको समयावधिलाई १ मान्य घण्टा (Credit hour) मानिएको छ ।

तालिका ४: आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना

| क्र. सं. | विषय | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

**तालिका ५: आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना**

| क्र. सं. | विषय | | | पाठ्यघन्टा | वार्षिक कार्यघन्टा |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेदविद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्सा शिक्षा | | |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |

| | | | | | |
|---|---|---|---|---|---|
| | मानव मूल्य शिक्षा | | | | |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

**तहगत सक्षमता (कक्षा १-८)**

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्धारण गरेको तहगत सक्षमता (कक्षा १-८)

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्नुपर्छ । यसको मूल उद्देश्य राष्ट्र प्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संवर्धन गर्ने, अधिकार र कर्तव्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो । यस तहको शिक्षा ग्रहण गरिसकेका बालबालिकाहरू आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान् हुने छन् । आधारभूत शिक्षाका सक्षमता देहायबमोजिम हुने छन्:

१. देशप्रेम र राष्ट्रिय एकताको भावनाबाट ओतप्रोत एवम् लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारको विकास व्यवहारमा प्रदर्शन
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग
३. सूचना र विचारहरूको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग

५. वैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग
६. मानवमूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजग
७. जनसङ्ख्या, वातावरण संरक्षण र दिगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
८. शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिप (life skills) को विकास
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिप (Soft skills) को प्रयोग
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग
११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान

## हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रमले निर्धारण गरेको तहगत सक्षमता (कक्षा १-८)

स्थानीय विषय हाम्रो चन्द्रागिरि पाठ्यक्रमको आधारभूत तह कक्षा (१- ८)सम्मको अध्ययनपछि विद्यार्थीहरूमा निम्न सक्षमता हासिल हुनेछन्:

१. चन्द्रागिरिको इतिहासको जानकारी हासिल तथा प्रस्तुति
२. हाम्रो स्थानीय सरकारको अवधारणा, आवश्यकता र महत्त्वको पहिचान
३. हाम्रो सांस्कृतिक सम्पदा र स्थलहरूको पहिचान र प्रस्तुति
४. वन, वातावरण तथा सरसफाइको अवधारणा, आवश्यकता र महत्त्व बोध
५. स्थानीय आर्थिक विकासका आधारहरूको पहिचान तथा प्रस्तुति
६. सामाजिक विकासका आधारहरूको जानकारी तथा प्रस्तुति
७. चन्द्रागिरि पर्यटनको अवस्था, आवश्यकता र महत्त्वको बोध तथा प्रस्तुति
८. स्थानीय पूर्वाधार विकासका आधारहरूको पहिचान तथा प्रस्तुति
९. विपद् व्यवस्थापन र सुरक्षाको अवधारणालाई व्यवहारमा अवलम्बन ।

## हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रमको कक्षागत सिकाइ उपलब्धि

हाम्रो चन्द्रागिरि स्थानीय पाठ्यक्रमले निर्धारण गरेका आधारभूत तह (कक्षा १-८) का तहगत सक्षमता हासिल गर्न देहायबमोजिमका सिकाइ उपलब्धि निर्धारण गरिएको छः

### कक्षा १- ३ को सिकाइ उपलब्धि

हाम्रो चन्द्रागिरि स्थानीय विषयको अध्ययनपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुने छन्:

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १. नगरपालिकाको नाम बताउन<br>२. प्राचीन वस्तीको नाम भन्न<br>३. हावापानी र वेषभूषा बताउन<br>४. वडा कार्यालयको परिचय दिन<br>५. सम्पदा स्थलको जानकारी दिन (पाटी पौवा सत्तल, चौतारा)<br>६. हाम्रा लोक बाजाको नाम बताउन<br>७. वन तथा वातावरणको परिचय दिन<br>८. व्यक्तिगत सरसफाइ गर्न<br>९. घर-आँगन सफा राख्न<br>१०. आफ्नो घर र छिमेकमा गरिने कृषि बालीको नाम बताउन<br>११. घरपालुवा पशुपक्षीको नाम भन्न<br>१२. घर वरिपरि भएका परम्परागत सिपहरू र घरेलु उद्योगहरूको नाम बताउन<br>१३. नगरपालिकाभित्र रहेका मुख्य बजारहरूको नाम भन्न<br>१४. नैतिक मूल्य मान्यताको अवलम्बन गर्न<br>१५. स्थानीय खेलको अभ्यास गर्न<br>१६. चनपाभित्रका प्रमुख पर्यटकीय स्थलको नाम बताउन | १. नगरपालिकाको नाम र ठेगाना बताउन<br>२. वडाको सङ्ख्या भन्न<br>३. वेषभूषा चिन्न र बताउन<br>४. प्राचीन वस्तीको नाम भन्न<br>५. वडा समितिको संरचना बताउन<br>६. वडा समिति र समुदायको सम्बन्ध बताउन<br>७. ढुङ्गेधारा (हिटी), मूर्ति, चैत्यको जानकारी दिन<br>८. मातातीर्थ परिसरको परिचय दिन<br>९. लोकबाजा चिन्न र नाम बताउन<br>१०. सरसफाइको महत्त्व बताउन<br>११. आफ्नो कोठा र कक्षा कोठा सफा राख्न<br>१२. फोहोर सङ्कलन गर्न<br>१३. आफू बसेको वडामा गरिएका कृषि कार्यहरू र पशुपालन व्यवसायको नाम बताउन<br>१४. नगर क्षेत्रमा भएका परम्परागत सिप र घरेलु उद्योगको जानकारी दिन<br>१५. सामाजिक मूल्य मान्यताको परिचय दिन<br>१६. नगर भित्रका मुख्य बजारहरू बताउन<br>१७. परिवारप्रति जिम्मेवारी बहन गर्न<br>१८. स्थानीय खेलमा सहभागी हुन | १. नगर र वडाको सिमाना बताउन<br>२. प्राचीन बस्तीको परिचय दिन<br>३. परम्परागत व्यापारिक मार्ग बताउन<br>४. वडा समितिको गठन प्रक्रिया बताउन<br>५. वडा समितिका कार्य उल्लेख गर्न<br>६. ढुङ्गेधारा (हिटी), मूर्ति, चैत्य, मुद्राको जानकारी दिन<br>७. धर्म परम्पराको जानकारी दिन<br>८. लोक भजन लयवद्ध रूपमा गाउन<br>९. विद्यालय सरसफाइ गर्न र हरियालीको परिचय दिन<br>१०. फोहोरको पहिचान गरी वर्गीकरण गर्न<br>११. वातावरणीय सरसफाइ र स्वच्छताको महत्त्व बताउन<br>१२. कृषि र पशुपालन सम्बन्धी व्यवसायको सामान्य परिचय दिन<br>१३. परम्परागत सिप र घरेलु उद्योगको परिचय दिन<br>१४. बजार क्षेत्रमा बस्ने मानव समुदाय र तिनको मुख्य पेसा बताउन<br>१५. नैतिक मूल्य मान्यताको अनुसरण गर्न<br>१६. परिवार र समाजप्रतिको कर्तव्य पालना गर्न |

| | | |
|---|---|---|
| १७. स्थानीय विकासका आधार बताउन<br>१८. विपद्का स्वरूप पहिचान गर्न<br>१९. आफू सुरक्षित रहन र आफ्ना सामानको सुरक्षा गर्न | १९. चनपा भित्रका प्रमुख पर्यटकीय स्थलहरूको पहिचान गर्न<br>२०. स्थानीय विकासका पूर्वाधारका नाम बताउन<br>२१. विपद्को परिचय दिन<br>२२. विपद्मा आफू सुरक्षित हुन<br>२३. सुरक्षित स्थानको पहिचान गरी सुरक्षित रहने उपाय अपनाउन | १७. स्थानीय खेलको महत्त्व र फाइदा बताउन<br>१८. स्थानीय खेलको अभ्यास गर्न<br>१९. चनपाभित्रका पर्यटकीय स्थलहरूको परिचय दिन<br>२०. पैदल भ्रमण (ट्रेकिङ्) स्थलहरूको भ्रमण गरी जानकारी गराउन<br>२१. स्थानीय विकासका पूर्वाधारका नाम बताउन ।<br>२२. विपद्का स्वरूपहरू बताउन<br>२३. विपद्को समयमा तत्काल गर्नुपर्ने कार्यहरूको सूची तयार गर्न<br>२४. सुरक्षाका उपायहरू बताउन<br>२५. आकस्मिक सुरक्षा सामग्री झोला (गो ब्याग) तयार गर्न |

**कक्षा ४-५ को सिकाइ उपलब्धि**

हाम्रो चन्द्रागिरि स्थानीय विषयको अध्ययनपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन्:

| कक्षा ४ | कक्षा ५ |
|---|---|
| १. नगरपालिकाको भौगोलिक अवस्थितिको जानकारी दिन<br>२. नगरको जनसङ्ख्या र अवस्थिति बताउन<br>३. प्राचीन राजवंशको परम्परा बताउन<br>४. स्थानीय सरकारको परिचय दिन<br>५. स्थानीय सरकार र समुदायलाई चिनाउन<br>६. स्थानीय सेवाग्राही (उपभोक्ता) का कर्तव्य र अधिकार उल्लेख गर्न | १. चन्द्रागिरि नगरपालिकाको जनसङ्ख्याको जानकारी दिन<br>२. पुरानो र नयाँ बस्तीको (घर) फरक बताउन<br>३. खानीहरूको परिचय दिन<br>४. ऐतिहासिक व्यक्ति व्यक्तित्वको जानकारी दिन<br>५. नगरपालिकाको गठन प्रक्रिया बताउन<br>६. स्थानीय सरकारको भूमिका उल्लेख गर्न |

| | |
|---|---|
| ७. कोतघर, मुद्रा, चैत्य, मूर्ति, ढुंगेधारा (हिटी)को जानकारी दिन<br>८. सिन्दुर जात्रा, इन्द्रथान मेलाको जानकारी दिन<br>९. जातजातिहरू र तिनका चाडपर्वको जानकारी दिन<br>१०. इन्द्रथान परिसरको जानकारी दिन<br>११. लोकगीतलाई लयवद्ध रूपमा गाउन<br>१२. वृक्षारोपण गरी हरियाली बनाउन<br>१३. वृक्षारोपणको महत्त्व बताउन<br>१४. फूलबारी र बगैंचाको परिचय दिन<br>१५. फोहोरको वर्गीकरण गरी व्यवस्थापन गर्न<br>१६. नगरपालिकामा गरिने कृषि र पशुपालन व्यवसायको जानकारी दिन<br>१७. नगरपालिकाभित्र भएका सहकारीको प्रकार र कार्य बताउन<br>१८. नगरपालिकाको विकासमा सिपमूलक कार्यको महत्त्व बताउन<br>१९. नगरपालिकाभित्रका साना र घरेलु उद्योगले गर्ने उत्पादन र ती वस्तुको बजारको जानकारी दिन<br>२०. नगरपालिकाभित्र गरिने व्यापारको महत्त्व बताउन<br>२१. अभिभावक तथा शिक्षकप्रति मर्यादा राख्न<br>२२. पारिवारिक मेलमिलाप कायम राख्न र कर्तव्य पालना गर्न<br>२३. स्थानीय खेलको अभ्यास गर्न<br>२४. पर्यटन, पर्यटक र पर्यटकीय स्थलको परिचय दिन<br>२५. योगको महत्त्व बताउन<br>२६. स्वस्थकर र अस्वस्थकर भोजन पहिचान गर्न<br>२७. पूर्वाधार विकासको महत्त्व बताउन<br>२८. नगरका प्रमुख सडक, पुल , पाटी, पौवा चौतारो पानी धारा र पोखरीको जानकारी दिन<br>२९. प्राकृतिक विपद्को परिचय दिन<br>३०. मानव सिर्जित विपद्को परिचय दिन | ७. नगरबासीका समस्या बताउन<br>८. ढुंगेधारा (हिटी), मूर्ति, चैत्य, मुद्रा कोतघर र घाटको जानकारी दिन<br>९. वखुँमद (सातगाँउले जात्रा), कृष्णजात्रा, गथुप्याँखको जानकारी दिन<br>१०. विभिन्न जात विशेषका सामाजिक संस्कार बताउन<br>११. विविध जातजातिका वेषभूषा बताउन<br>१२. स्थानीय लोकगीत गाउन<br>१३. वनको परिचय दिई यसका किसिम बताउन<br>१४. हरित विद्यालय र समुदायको धारणा बताउन<br>१५. वातावरणीय स्वच्छता कायम गर्ने उपाय बताउन<br>१६. नगरपालिकामा गरिने कृषि र पशुपालन व्यसायका फाइदाहरू बताउन<br>१७. सहकारी र वित्तीय व्यवसायको विवरण दिन<br>१८. तरकारी र फलफूल खेतीको सुरक्षित भण्डारण गर्न<br>१९. तरकारी र फलफूलबाट उपभोग्य बस्तुहरू बनाउन<br>२०. मझौला उद्योग व्यवसाय र कच्चा पदार्थको महत्त्व बताउन<br>२१. नगर क्षेत्रभित्र भएका मुख्य बजारहरूको विशेषता बताउन<br>२२. अभिभावक र शिक्षकलाई आदर सम्मान गर्न<br>२३. खानपानको महत्त्व बताउन<br>२४. स्वस्थ्यकर खाना खाने बानीको विकास गर्न<br>२५. योगको महत्त्व बताई यसको अभ्यास गर्न<br>२६. पर्यटन र पर्यटकको परिचय दिन<br>२७. पर्यटकीय स्थल तथा पैदल भ्रमण (ट्रेकिङ) स्थलहरूको परिचय दिन<br>२८. पर्यटकीय बस्तीहरूको पहिचान गर्न<br>२९. पूर्वाधार विकासका आधारहरू बताउन<br>३०. पूर्वाधार विकासको महत्त्व बताउन<br>३१. विपद् व्यवस्थापनका सामान्य उपायहरू बताउन |

| | |
|---|---|
| ३१. प्राकृतिक र मानव सिर्जित विपद्का स्वरूप बताउन<br>३२. विपद्को समयमा सुरक्षित रहने उपायहरू बताउन । | ३२. विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका बताउन<br>३३. विपद्मा अभिभावको भूमिका बताउन<br>३४. विपद्मा समुदायको भूमिका बताउन |

**कक्षा ६-८ को सिकाइ उपलब्धि**

हाम्रो चन्द्रागिरि स्थानीय विषयको अध्ययनपछि विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछन्:

| कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|
| १. नगरपालिका भित्रका मुख्य बस्तीहरूको जानकारी दिन<br>२. जग्गाको प्रकृतिको जानकारी दिन<br>३. प्राचीन राजवंशको इतिहास बताउन<br>४. व्यक्ति—व्यक्तित्वको जानकारी दिन<br>५. स्थानीय सरकारको महत्त्व बताउन<br>६. नगर शिक्षा नीति उल्लेख गर्न<br>७. नगरको शैक्षिक गतिविधि बताउन<br>८. नगर स्वास्थ्य नीति र गतिविधि उल्लेख गर्न<br>९. ढुंगेधारा (हिटी), चैत्य, कोतघर, घाट, पोखरी र गढीको जानकारी दिन<br>१०. पुरुषोत्तम मास मेला, मातातीर्थ मेला र चम्पा शिखरको जानकारी दिन<br>११. जातजाति अनुरूपका धर्महरूको जानकारी गराउन | १. चन्द्रागिरि नगरपालिकाको ऐतिहासिक परिचय दिन<br>२. चन्द्रागिरिको] मुख्य सिमानाकाको जानकारी दिन<br>३. राजनैतिक घटनाक्रम बताउन<br>४. व्यक्ति व्यक्तित्वको जानकारी दिन<br>५. इतिहासको स्रोतको जानकारी गराउन<br>६. नगरपालिका र नगरकार्यपालिका बिच फरक छुट्याउन<br>७. न्यायिक र अन्य विषयगत समितिको जानकारी दिन<br>८. नगरबासीको कर्तव्य र अधिकार बताउन<br>९. ढुंगेधारा (हिटी), चैत्य, कोतघर, घाट, पोखरी, गढी, गुफा र गुठी परम्पराको जानकारी दिन<br>१०. जात अनुकूल चाडपर्वहरूको परिचय दिन<br>११. भालेश्वर(ग्वंगचु) फागुमेला, तीन गाँउ तीन जात्रा | १. प्राचीन द्रङ्गको जानकारी दिन<br>२. व्यापारिक मार्ग तथा यात्रा मार्गको जानकारी दिन<br>३. राजनैतिक घटनाक्रम बताउन<br>४. व्यक्ति व्यक्तित्वको जानकारी दिन<br>५. इतिहासका स्रोतहरू उल्लेख गर्न<br>६. नगरपालिकाको काम, कर्तव्य र अधिकार बताउन,<br>७. नगरको विकासमा विषयगत समितिहरूको भूमिका उल्लेख गर्न<br>८. नगर प्रमुख र उपप्रमुखको भूमिका बताउन<br>९. ढुंगेधारा(हिटी), चैत्य, कोतघर, घाट, पोखरी, गढी, गुफा र गुठी परम्पराको जानकारी दिन<br>१०. सिकाली डबली र ल्होंकोट, चन्दनभराटेश्वर, आदिनारायण, प्रणिधिपूर्ण विहारको जानकारी दिन |

| | | |
|---|---|---|
| १२. स्थानीय / बाजा खलःका क्रियाकलापहरूको जानकारी दिन<br>१३. वन तथा जडिबुटीहरूको भूमिका बताउन<br>१४. वन तथा जडिबुटीको महत्त्व उल्लेख गर्न<br>१५. फोहोर सङ्कलन र व्यवस्थापन गर्न<br>१६. वातावरणीय स्वच्छताको अवधारणा बताउन<br>१७. कौसी खेती र बाख्रा पालनको अवस्था बताउन<br>१८. सहकारी व्यवसायको महत्त्व बताउन<br>१९. रोजगारमूलक सिपहरू सिक्न<br>२०. नगरपालिकाभित्रका ठुला उद्योगको नाम भन्न<br>२१. आवश्यक कच्चा पदार्थको पहिचान गर्न<br>२२. अनुशासनको पालना गर्न<br>२३. रेशादार खानाको महत्त्व बताउन<br>२४. समाजको सभ्य नागरिक बन्न<br>२५. परिवार र समाजप्रति आफ्नो भूमिका निर्वाह गर्न<br>२६. प्राणायामको महत्त्व बताउन<br>२७. प्राणायामको अभ्यासमा सरिक हुन<br>२८. चनपाभित्रको पर्यटकीय स्थलको महत्त्व बताउन<br>२९. कला, संस्कृति र पर्यटनको सम्बन्ध बताउन<br>३०. पूर्वाधार विकासका समस्या बताउन | (कालिका भैरव जात्रा, भीमसेन जात्रा, महालक्ष्मी जात्रा)को जानकारी दिन<br>१२. काष्ठकला, मूर्ति र शिलालेखको जानकारी दिन<br>१३. नाट्येश्वर, बाजा खलःहरूको परिचय दिन<br>१४. सामुदायिक वनको अवधारणा बताउन<br>१५. वन विनासका कारण बताउन<br>१६. वन विनास रोकथामका उपायहरू बताउन<br>१७. जलस्रोतको उपयोग र संरक्षणको उपाय बताउन<br>१८. वन, वातावरण तथा सरसफाइको क्षेत्रमा नगरपालिकाको भूमिका बताउन<br>१९. कृषि तथा पशुपालन व्यवसायका समस्या बताउन<br>२०. कृषि तथा पशुपालन व्यवसायका समस्या समाधानका उपायहरू अवलम्बन गर्न<br>२१. नगर सहकारी शाखाको भूमिका बताउन<br>२२. बैङ्क र वित्तीय कारोबारको प्रक्रिया बताउन<br>२३. साना उद्योग दर्ता प्रक्रिया बताउन<br>२४. व्यक्ति, परिवार र समुदायमा अनुशासनको भूमिका उल्लेख गर्न | ११. धातु र प्रस्तरकला तथा विविध लिपिहरूको जानकारी दिन<br>१२. नाट्येश्वर र लोक सङ्गीतको महत्त्व बताउन<br>१३. वनसँग सम्बन्धित व्यवसायहरूको सूची तयार गर्न<br>१४. वनसँग सम्बन्धित पर्यटकीय स्थलहरू बताउन<br>१५. प्राङ्गारिक मल उत्पादन गर्न<br>१६. वन र जलस्रोतको सम्बन्ध बताउन<br>१७. जलस्रोत संरक्षणका उपायहरू बताउन<br>१८. सरसफाइको क्षेत्रमा काम गर्ने निकाय र नगरपालिकाको भूमिका बताउन<br>१९. कृषि र पशुपालनका लागि मिल्दो हावापानीको नाम बताउन<br>२०. नयाँ र पुराना बजारहरूको महत्त्व बताउन<br>२१. स्थानीय समुदायको सहकारी र वित्तीय क्षेत्रसँगको सम्बन्ध उल्लेख गर्न<br>२२. उद्घोषण र प्रविधि सम्बन्धी सिप प्रस्तुत गर्न<br>२३. उद्योग व्यवसायको विकासका आधार पहिचान गर्न<br>२४. बीमा व्यवसायको महत्त्व बताउन<br>२५. असल व्यक्तिका जिम्मेवारी बताउन |

| | | |
|---|---|---|
| ३१. विपद्का स्वरूपहरू बताउन<br>३२. विपद्बाट सुरक्षित रहनका निम्ति गर्न सकिने आवश्यक कार्यहरू उल्लेख गर्न<br>३३. विपद्मा नगर, जनपद र ट्राफिक प्रहरीको भूमिका बताउन<br>३४. विपद् व्यवस्थापनको अवधारणा र महत्त्व बताउन | २५. सकारात्मक सोंचको विकास गर्न<br>२६. ध्यानको महत्त्व बताउन<br>२७. ध्यानको अभ्यास गर्न<br>२८. चन्द्रागिरि पर्यटनको इतिहास बताउन<br>२९. कला र संस्कृतिसँग पर्यटनको सम्बन्ध बताउन<br>३०. पर्यटकीय स्थलको महत्त्व बताउन<br>३१. हाइकिङ्को परिचय दिन<br>३२. स्थानीय पूर्वाधार विकासमा देखिने समस्या उल्लेख गर्न<br>३३. स्थानीय पूर्वाधार विकासका समस्या समाधानका उपाय बताउन<br>३४. नगरपालिकाको स्थानीय पूर्वाधार विकासका नीति उल्लेख गर्न<br>३५. विपद् व्यवस्थापनमा विभिन्न व्यक्ति तथा सङ्घ संस्थाको भूमिका बताउन<br>३६. विपद्का कारण उत्पन्न हुन सक्ने जोखिमहरू उल्लेख गर्न<br>३७. जोखिमबाट सुरक्षित रहने उपाय अवलम्बन गर्न | २६. असल नागरिकको भूमिका निर्वाह गर्न<br>२७. सन्तुलित भोजनको उपयोग गर्न<br>२८. निर्दिष्ट आसनको अभ्यास गर्न<br>२९. योग र मानव स्वास्थ्यको अन्तर सम्बन्ध बताउन<br>३०. चन्द्रागिरि पर्यटनको उपलब्धि बताउन<br>३१. पर्यटन पूर्वाधारको महत्त्व बताउन<br>३२. चनपाको पर्यटन नीति उल्लेख गर्न<br>३३. पैदल भ्रमण (ट्रेकिङ/ हाइकिङ) मा सहभागी हुन<br>३४. विश्वसम्पदा सूचीसँग चन्द्रागिरिको सम्बन्ध बताउन/जोड्न<br>३५. चन्द्रागिरिबाट देखिने हिमशृङ्खलाहरूको जानकारी दिन<br>३६. सूचना प्रविधिको आवश्यकता, प्रयोग र महत्त्व उल्लेख गर्न<br>३७. स्थानीय विकासका पूर्वाधारमा मानव संसाधान विकासको महत्त्व बताउन<br>३८. नगरपालिकाका पूर्वाधार विकासका अल्पकालिक, मध्यकालिक र दीर्घकालिक रणनीतिक योजनाको जानकारी दिन<br>३९. प्राकृतिक र मानव सिर्जित विपद्का रूपहरू प्रस्तुत गर्न<br>४०. विपद्को समयमा सुरक्षित रहन गर्नुपर्ने आवश्यक |

| | | |
|---|---|---|
| | | कार्यहरूको विवरण प्रस्तुत गर्न<br>४१. विपद्मा मनोपरामर्शको आवश्यकता र महत्त्व बताउन<br>४२. विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा विभिन्न व्यक्ति तथा निकायको भूमिका उल्लेख गर्न<br>४३. सम्भावित विपद्को आँकलन गर्न<br>४४. विपद् व्यवस्थापनमा नगरपालिकाको भूमिका बताउन । |

## विषयवस्तुको क्षेत्र र क्रम

### स्थानीय विषयः हाम्रो चन्द्रागिरि

**यस पाठ्यक्रमको विषय क्षेत्र निम्नानुसार निर्धारण गरिएको छः**

१. भूगोल र इतिहास
२. हाम्रो स्थानीय सरकार
३. हाम्रो सांस्कृतिक सम्पदा
४. वन, वातावरण तथा सरसफाइ
५. स्थानीय आर्थिक विकासका आधार
६. सामाजिक विकास
७. चन्द्रागिरि पर्यटन
८. स्थानीय विकासका पूर्वाधार
९. विपद् व्यवस्थापन र सुरक्षा ।

**यस स्थानीय पाठ्यक्रमको विषयवस्तुको क्षेत्र र क्रम निम्नानुसार निर्धारण गरिएको छः**

**कक्षाः १-३** **वार्षिक पाठ्यघन्टाः १६०**

| विषय क्षेत्र | विषयवस्तुको क्षेत्र र क्रम | | |
|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| **भूगोल र इतिहास** | चन्द्रागिरी नगरपालिकाको चित्र, हावापानी, केही | काठमाडौको नक्सामा चन्द्रागिरि, वडा विभाजन, | बागमती प्रदेशको नक्सामा चन्द्रागिरि, नगर |

| | | | |
|---|---|---|---|
| | प्राचीन वस्तीहरूको चित्र । | प्राचीन बस्तीको वेषभूषा, नामहरू। | र वडाको सीमा, प्राचीन बस्तीको परिचय, व्यापारिक मार्ग । |
| **हाम्रो स्थानीय सरकार** | वडा कार्यालय । | वडा समिति, वडा समिति र समुदायको सम्बन्ध । | वडा समितिको गठन, वडा समितिका कार्यहरू। |
| **हाम्रो सांस्कृतिक सम्पदा** | सम्पदा स्थलहरूको तस्बिर, पाटी पौवा, सत्तल चौतारा, हाम्रा लोकबाजा। | सांस्कृतिक सम्पदा, सम्पदा स्थलहरू, प्राचीन पाटी पौवा सत्तल चौताराहरू, हाम्रा लोक बाजा । | सांस्कृतिक सम्पदा, धर्म, चाडपर्व, लोकगीत। |
| **वन, वातावरण तथा सरसफाइ** | सरसफाइ, व्यक्तिगत सरसफाइ, घर आँगनको सरसफाइ। | व्यक्तिगत सरसफाइको महत्त्व, आफ्नो कोठा र कक्षा कोठाको सरसफाइ, फोहोर सङ्कलन । | हरियाली र यसको महत्त्व, विद्यालय सरसफाइ, फोहोरको वर्गीकरण, वातावरणीय स्वच्छता। |
| **स्थानीय आर्थिक विकासका आधार** | घर वरिपरि गरिएका कृषि कार्यहरू,<br>आफूले जानेका काम, र समुदायका व्यक्तिले गर्ने सिपयुक्त कार्यहरू,<br>समुदायमा रहेका उद्योग, व्यवसायको जानकारी,<br>दैनिक कार्यमा देखिएका घर वरिपरि भएका परम्परागत सिप र घरेलु उद्योगको जानकारी,<br>मुख्य बजारहरूको जानकारी, | घर वरिपरि गरिएका कृषि कार्यहरू र पशुपालन<br>सहकारीको परिचय,<br>चित्रकला, कागज, मूर्तिकला सम्बन्धी ज्ञान,<br>उद्योग व्यवसायको जानकारी<br>दैनिक जीवनमा आइपर्ने समस्या र हानी नोक्सानीहरू,<br>बजारका प्रमुख विशेषता, | कृषि र पशुपालन व्यवसायको महत्त्व,<br>सहकारी र वित्तीय व्यवसायको किसिम,<br>सिपमूलक कार्यहरू,<br>उद्योगको परिचय र प्रकार<br>कठिनाइको अवस्था,<br>परम्परागत सिप र घरेलु उद्योग,<br>बजार क्षेत्रको मानव वस्ती र उनीहरूको मुख्य पेसा र संस्कृति, |
| **सामाजिक विकास** | हाम्रा नैतिक मूल्य र मान्यताहरू, अनुशासन र मर्यादा | नैतिक मूल्य मान्यता, परिवारप्रतिको कर्तव्य, स्थानीय खेल | नैतिक मूल्य मान्यताको महत्त्व, असल व्यवहार, आफ्ना सामानहरूको हिफाजत र सरसफाइ, स्थानीय खेलको अभ्यास |

| | | | |
|---|---|---|---|
| **चन्द्रागिरि पर्यटन** | चन्द्रागिरि घुमघाम (इन्द्र दह, मदनभण्डारी स्मारक पार्क, मच्छेनारायण, मातातिर्थ, भालेश्वर आदि) | नगरपालिकाभित्रका मुख्य घुम्न लायक स्थलहरू | पर्यटकीय स्थल, पैदलमार्ग |
| **स्थानीय विकासका पूर्वाधार** | स्थानीय विकासका पूर्वाधारहरू (बाटो, बिजुली) | स्थानीय विकासका पूर्वाधारहरू (बाटो, बिजुली, पानी) | स्थानीय विकासका पूर्वाधारका किसिम |
| **विपद व्यवस्थापन र सुरक्षा** | व्यक्तिगत सुरक्षा | विपद् र सुरक्षा | विपद् पहिचान र सुरक्षाका उपायहरू |

**कक्षाः ४ - ८** **वार्षिक घन्टाः १२८**

| **विषय क्षेत्र** | **विषयवस्तुको क्षेत्र र क्रम** | | | | |
|---|---|---|---|---|---|
| | **कक्षा ४** | **कक्षा ५** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| **भूगोल र इतिहास** | नेपालको नक्सामा चन्द्रागिरि, चन्द्रागिरिको भूगोल (अग्लो र होचो भाग) र जनसङ्ख्या, राजवंशको इतिहास | चन्द्रागिरिको जनसङ्ख्याको बनोट, आवास क्षेत्र, खानीहरू, व्यक्ति र व्यक्तित्व | मुख्य बस्तीहरू, जग्गाको प्रकृति/ प्रकार, प्राचीन राजवंशको इतिहास | चन्द्रागिरिको नामाङ्कन, मुख्य सिमाना/ नाका, राजनैतिक घटनाक्रम, व्यक्ति व्यक्तित्व, इतिहासको स्रोत सङ्क्षिप्त जानकारी | प्राचीन सहरहरू, यात्रावृतान्त, राजनैतिक घटनाक्रम, व्यक्ति व्यक्तित्व, इतिहासका स्रोतहरू |
| **हाम्रो स्थानीय सरकार** | स्थानीय सरकार, स्थानीय सरकार र समुदाय, स्थानीय उपभोक्ताहरू | नगरपालिकाको गठन, स्थानीय सरकारको भूमिका, स्थानीय उपभोक्ताका समस्याहरू | स्थानीय सरकारको महत्त्व, नगर शिक्षा नीति र शैक्षिक गतिविधि, नगर स्वास्थ्य नीति र यसका गतिविधि | नगरकार्यपालिका, न्यायिक समिति, विषयगत समितिहरू, नगरबासीको कर्तव्य र अधिकार, घटना दर्ता | कार्यपालिकाको काम कर्तव्य र अधिकार, नगरको विकासमा विषयगत समितिको भूमिका, नगरप्रमुख र नगर उपप्रमुख |
| **हाम्रो सांस्कृतिक सम्पदा** | सांस्कृतिक सम्पदा, मेला र जात्रा, चाडपर्व, | सांस्कृतिक सम्पदा, मेला जात्रा, | सांस्कृतिक सम्पदा, सांस्कृतिक | सांस्कृतिक सम्पदा, मेला पर्व, स्थानीय कला | सांस्कृतिक सम्पदा, सांस्कृतिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | सांस्कृतिक महत्त्वका स्थलहरू, लोकगीत र लोक नृत्य | रहनसहन र वेषभूषा, लोक गीत तथा लोक नृत्य | महत्त्वका स्थल, जातजातिको बनोट र विशेषता, मेला चाडपर्व, स्थानीय लोकसङ्गीत, साहित्यकार र साहित्यिक संघ संस्था | बास्तुकला र लिपि, स्थानीय लोकसङ्गीत, साहित्यकार र साहित्यिक संघ संस्था | महत्त्वका स्थल र सम्बन्ध, स्थानीय कला बास्तुकला र लिपि, स्थानीय लोकसङ्गीत, साहित्यकार र साहित्यिक संघ संस्था |
| **वन, वातावरण तथा सरसफाइ** | वृक्षारोपण र यसको महत्त्व, फूलबारी र बगैंचा, फोहोरको वर्गीकरण र व्यवस्थापन | वनका किसिम, हरित विद्यालय हरित समुदाय, फोहोर व्यवस्थापन र वातावरणीय स्वच्छता | सम्पदाको संरक्षण र सरसफाइ, महत्त्वपूर्ण वनस्पति र जडिबुटीहरू, वन जङ्गल र जडिबुटीको महत्त्व, फोहोर व्यवस्थापन र वातावरणीय स्वच्छता | सामुदायिक वन र यसको उपयोगिता, वन विनाशका कारण र रोकथामका उपाय, फोहोरको पुनःप्रयोग, वन वातावरण तथा सरसफाइमा नगरपालिकाको भूमिका, जलस्रोत | वनसँग सम्बन्धित व्यवसायहरू, वनसँग सम्बन्धित पर्यटकीय स्थलहरू, फोहोरबाट मल उत्पादन र यसको उपयोग, सरसफाइको क्षेत्रमा काम गर्ने निकायसँग सहकार्य, जलस्रोत संरक्षण |
| **स्थानीय आर्थिक विकासका आधार** | कृषि र पशुपालन व्यवसायको परिचय, र महत्त्व, सहकारी र वित्तीय व्यवसाय, सिपमूलक कार्यको महत्त्व, साना र मझौला उद्योग, वीमाको परिचय, परम्परागत सिप र घरेलु उद्योगको महत्त्व, व्यापारको प्रकृति | अन्न बाली, नर्सरी तथा पुष्प व्यवसाय र फलफूल खेतीको महत्त्व, सहकारी र वित्तीय व्यवसायको महत्त्व, तरकारी, फलफूल खेती, च्याउ खेतीको] सुरक्षित भण्डारण, गोलभेंडा, | कौसी खेती र बाख्रा पालन, सहकारी र वित्तीय व्यवसायको विवरण, रोजगार, स्वरोजगारको जानकारी, धुपबत्ती, सिलाइ बुनाइ, चोया, बाँस, धागो र प्लास्टिक स्थानीय साधनबाट पुतली र मुढा निर्माण, ब्युटिपार्लर, कपाल काट्ने, वाद्यवादन | कृषि तथा पशुपालन व्यवसायका समस्याहरू र समाधानका उपायहरू, सहकारी र वित्तीय व्यवसायमा सहभागी हुने प्रक्रिया नगरपालिकामा सहकारी संरचना, मर्मत निर्माणका आवश्यक औजारको ज्ञान, | कृषि तथा पशुपालनका लागि व्यवसायिक वातावरण र वातावरणअनुकूल का प्रजाति, सहकारी र वित्तीय व्यवसायका समस्या र समाधानका उपाय, उद्घोषण (anchoring) सम्बन्धी ज्ञान र कम्प्युटर power point presentation, |

| | | | | | |
|---|---|---|---|---|---|
| | र महत्त्व, कच्चा पदार्थको उत्पादन | आल्चा र लप्सीबाट बनाइने माडा, सस, अचार, जेलजस्ता परिकार निर्माण, बेकरी उद्योग, वीमाको महत्त्व,<br>परम्परागत सिप र घरेलु उद्योगबाट उत्पादित वस्तुको बजारीकरण,<br>व्यापारिक केन्द्रको महत्त्व, आवश्यक कच्चा पदार्थको उत्पादन र बजारीकरण | सिप, उद्योगको महत्त्व र विशेष पकेट क्षेत्र,<br>वीमाको प्रकार स्थानीय सिप र घरेलु उद्योग, व्यापारिक केन्द्रका समस्या र समाधानका उपाय, कच्चा पदार्थ उत्पादनमा समस्या | साइकल मर्मतको सिप,<br>उद्योग स्थापनाको स्थानीय प्रक्रिया,<br>वीमा गर्ने प्रक्रिया<br>स्थानीय सिप र घरेलु उद्योग, व्यवसाय सञ्चालनका समस्या र समाधानका उपाय,<br>व्यापारिक केन्द्र विकासका चुनौतीहरू,<br>कच्चा पदार्थको उत्पादन र प्रोत्साहन | projector, cc camera, जडान र प्रयोग,<br>नगरमा उद्योगको अवस्था र सम्भावना,<br>स्थानीय सिप भावी पुस्तामा स्थानान्तण र प्रोत्साहन<br>व्यापारिक केन्द्रबिचको अन्तरसम्बन्ध, नयाँ व्यापारिक केन्द्रको सम्भावना र यसको महत्त्व,<br>कच्चा पदार्थको उत्पादन र महत्त्व |
| **सामाजिक विकास** | अभिभावकप्रतिको मर्यादा, पारिवारिक मेल र सहकार्य, शारीरिक कसरतका लागि खेलको अभ्यास, योग र खानपान | अभिभावक तथा शिक्षकप्रति मर्यादा र सम्मान, आपसी सम्मान र माया, प्राकृतिक र मिसावटयुक्त खानेकुरा, योगका फाइदाहरू | सभ्य नागरिक, परिवार र समाजप्रतिको दायित्व, भोजनमा रेसादार खानाको महत्त्व, प्राणायामको प्रयोग र महत्त्व | चरित्र निर्माण, व्यक्तिको सर्वाङ्गीण विकास, सकरात्मक सोच, ध्यानको प्रयोग महत्त्व र अभ्यास | समाज विकासमा नागरिकको भूमिका, पोषणयुक्त खानपान, मानव स्वास्थ्य, योग र अभ्यास, सामाजिक सङ्घसंस्था र नगरपालिका |
| **चन्द्रागिरि पर्यटन** | पर्यटन, पर्यटक, पर्यटकीय स्थल | पर्यटन, पर्यटक, पर्यटकीय स्थल, ट्रेकिङ | चनपाभित्रका मुख्य मुख्य पर्यटकीय स्थल, कला, संस्कृति र पर्यटन | चन्द्रागिरि पर्यटनको इतिहास, पर्यटनका प्रकार, पर्यटन पूर्वाधार, | ऐतिहासिक पैदल मार्ग, पर्यटनको प्रभाव, पर्यटन व्यवसाय, पर्यटन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्थल | | पर्यटन, कला र संस्कृति | सिप, चनपाबाट देखिने हिमालहरू, विश्वसम्पदा क्षेत्रसँग चनपाको सम्बन्ध |
| **स्थानीय विकासका पूर्वाधार** | पूर्वाधार विकासको महत्त्व | पूर्वाधार विकासका फाइदा | पूर्वाधार विकासको चुनौती | पूर्वाधार विकासको समस्या समाधानका उपाय | पूर्वाधार विकासको रणनीति |
| **विपद् व्यवस्थापन र सुरक्षा** | विपद्का प्रकारः मानव सिर्जित र प्राकृतिक | विपद् व्यवस्थापनमा अभिभावक र समुदाय | विपद्का कारणहरू, विपद् व्यवस्थापनमा सुरक्षा निकायको भूमिका | विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा अन्य व्यक्ति तथा सङ्घ संस्थाको भूमिका | विपद्मा मनोपरामर्श, विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिका |

## विषयवस्तुको विस्तृतीकरण

**कक्षाः १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|---|---|
| **भूगोल र इतिहास** | १. नगरपालिकाको नाम बताउन<br>२. प्राचीन वस्तीको नाम भन्न<br>३. हावापानी र वेषभूषा पहिचान गर्न | १. चनपाको तस्बिर,<br>२. चनपाको नक्सा<br>३. बलम्बु , किसिपिडी<br>४. हावापानी र वेषभूषा चित्रण | १. अभिमुखीकरण<br>२. श्रव्यदृश्य सामग्रीको प्रयोग<br>३. कवितात्मक प्रस्तुति<br>४. समग्रमा गोलाप्रथाबाट खेल (इतिहास, भूगोल, हावापानी, | १. एक वाक्यमा उत्तर आउने प्रश्न (लिखित, मौखिक)<br>२. वस्तुगत प्रश्न चित्रमालाबाट हेरी खाली ठाउँ भर्ने | १८ घन्टा ११ प्रयोगात्मक ७ सैद्धान्तिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | वस्ती, वेषभूषा)<br>५. स्थलगत अवलोकन भ्रमण | चित्रको नाम बाकसमा खोज्ने र घेरा लगाउने, जोडा मिलाउने ठिक बेठिक | | |
| हाम्रो स्थानीय सरकार | १. वडा कार्यालय को परिचय बताउन | १. वडा कार्यालय<br>२. वडा समिति<br>३. वडा अध्यक्ष | १. अभिभुखीक रण<br>२. चित्रबाट वडा कार्यालय चिनाउने,<br>३. सामग्री प्रदर्शन र प्रश्नोत्तर गरी वडा समितिको परिचय दिने<br>४. वडा अध्यक्षको परिचय गराउने<br>५. सङ्गठन चार्ट प्रयोग गरी अभ्यास गराउने र सकेसम्म भिडियो | १. विषयगत (मौखिक, लिखित) प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. अवलोक न<br>४. रुजु सूची<br>५. श्रेणी मापन | १६ प्रयोगात् मक १० सैद्धान्ति क ६ | |
| हाम्रो सांस्कृति क | १. सम्पदा स्थलको | १. विष्णुदेवी मन्दिर परिसर | १. अभिमुखीक रण | १. विषयगत सङ्क्षिप्त | १८ घन्टा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्पदा | जानकारी दिन<br>२. हाम्रा लोक बाजाको नाम बताउन | २. सोहीपरिसरको पाटीपौवा चौतारा<br>३. धिमे, बाँसुरी, खीँ, धाँ, डम्फु, मादलअन्य | २. श्रव्यदृश्य सामग्रीको प्रयोग,<br>३. विष्णुदेवी मन्दिर परिसरको अवलोकन भ्रमण<br>४. लोकबाजाहरूको चित्र/कार्टुन प्रदर्शन र प्रत्यक्ष अवलोकन<br>५. लोकबाजाको भिडियो प्रर्दशन | उत्तरात्मक प्रश्न (लिखित मौखिक)<br>२. वस्तुगत प्रश्न<br>– चित्रमालाबाट हेरी खाली ठाँउ भर्ने,<br>– चित्रको नाम बाकसमा खोज्ने र घेरा लगाउने,<br>– जोडा मिलाउने,<br>– ठिक बेठिक छुट्याउने<br>३. अवलोकन<br>४. निरीक्षण | सैद्धान्तिक ७ प्रयोगात्मक ११ | |
| वन, वातावरण तथा सरसफाइ | १. वन तथा वातावरणको परिचय दिन<br>२. व्यक्तिगत सरसफाइ गर्न<br>३. घर-आँगन सफा राख्न | १. वन तथा वातावरणको परिचय<br>२. व्यक्तिगत सरसफाइ<br>३. घर-आँगनको सरसफाइ | १. अभिमुखीकरण,<br>२. चित्र वा भिडियोको माध्यमबाट वन तथा वातावरणको जानकारी गराउने,<br>३. चित्रको माध्यमबाट व्यक्तिगत | १. विषयगत (मौखिक, लिखित) प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. अवलोकन<br>४. निरीक्षण<br>५. रुजु सूची<br>६. श्रेणी मापन<br>७. निरीक्षण | १८ घन्टा सैद्धान्तिक ७ प्रयोगात्मक ११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सरसफाइको अवधारणा बताउने<br>४. व्यक्तिगत सरसफाइको अभ्यास<br>५. घरआँगनको सरसफाइमा सहभागी गराउने | | | |
| स्थानीय आर्थिक विकासका आधार | १. घर र छिमेकमा गरिने कृषि बालीको नाम बताउन<br>२. घरपालुवा पशुपंक्षीको नाम भन्न<br>३. घर वरिपरिका स्थानीय सिपहरू र घरेलु उद्योगको नाम बताउन,<br>४. मुख्य बजारहरूको नाम भन्न | १. अन्नबाली, तरकारीखेती/नगदेबाली र करेसाबारी<br>२. घर पालुवा पशुपंक्षीहरू<br>३. आफ्ना वरपर भएका भाँडाकुडा निर्माण, ढाका बुनाइ, अचार उद्योग, सस उद्योग, हस्तकला, अगरबत्ती निर्माण सिप<br>४. हसिँया, कुटो, कोदालो, कपडा र जुत्ता बनाउने सिप<br>५. थानकोट, नागढुङ्गा, चेकपोस्ट, बलम्बु, सतुङ्गल, नैकाप, सृजना चोक, मच्छेगाउँ, बाघथली चोक, | १. अभिमुखीकरण<br>२. घर वरपर आफूले देखेका कृषिबाली र पशुपक्षीको नाम कक्षामा भन्न लगाउने<br>३. अन्नबाली, तरकारी बाली, पशुपालन व्यवसायको भिडियो प्रदर्शन,<br>४. स्थानीय सिपहरूको नाम भन्न र लेख्न लगाउने | १. एक वाक्यमा उत्तर दिने प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. . प्रयोगात्मक प्रश्न<br>४. अवलोकन<br>५. निरीक्षण<br>६. रुजु सूची | २२ घन्टा सैद्धान्तिक ९ प्रयोगात्मक १३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | किसिपिडी र गुर्जुधारा जस्ता व्यापारिक क्षेत्रहरू | ५. स्थानीय उद्योगको अवलोकन<br>६. मुख्य बजारहरूलाई चार्टद्वारा प्रस्तुत | | | |
| सामाजिक विकास | १. नैतिक मूल्य मान्यताको अवलम्वन गर्न<br>२. स्थानीय खेलको अभ्यास गर्न | १. नैतिक मूल्य र मान्यता<br>२. अनुशासन र मर्यादा<br>३. कुनै दुई स्थानीय खेल | १. अभिमुखीकरण<br>२. अनुशासन र मर्यादा सिकाउने भिडियो प्रस्तुति<br>३. बालमैत्री परिवेशको चित्र प्रस्तुति<br>४. स्थानीय खेलहरू लुकामारी, रुमाल लुकाइ, चुङ्गीको श्रव्यदृश्य प्रस्तुति | १. विषयगत मौखिक प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. खेल अवलोकन<br>४. निरीक्षण<br>५. प्रयोगात्मक वा कार्यमूलक प्रश्न | १६ घन्टा सैद्धान्तिक ६ र प्रयोगात्मक १० | |
| चन्द्रागिरि पर्यटन | १. चनपाभित्रका प्रमुख पर्यटकीय स्थलको नाम बताउन | १. चनपाभित्र रहेका प्रमुख पर्यटकीय स्थलहरू इन्द्रदह, कालुपाण्डे समाधि स्थल,त्रिभुवनपार्क, चन्दनभराटेश्वर, चम्पा शिखर (ठुलो पाखा चौर), चन्द्रागिरि पहाड, भालेश्वरमन्दिर (ग्वंगचु), | १. अभिमुखीकरण<br>२. पर्यटकीय स्थलहरूको चित्र, भिडियो प्रदर्शन र छलफल<br>३. पर्यटकीय स्थलको सूची, चार्ट<br>४. अवलोकन भ्रमण | १. विषयगत सङ्क्षिप्त उत्तरात्मक प्रश्न (लिखित मौखिक)<br>२. वस्तुगत प्रश्न<br>– चित्रमाला बाट हेरी खाली ठाँउ भर्ने | २० घन्टा<br>सैद्धान्तिक ८ प्रयोगात्मक १२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आदिनारायण, महाङ्काल, मातातीर्थ कुण्ड, मच्छेनारायण मन्दिर,सत्यनाराय ण मन्दिर, प्रणिधिपूर्ण महाविहार, कंकाली मन्दिर, मदन भण्डारी पार्क,विष्णु देवी मन्दिर, लगलगे (भ्युटावर, बालबगैंचा), देउराली (रोपवे स्टेसन), तीनथाना गढी, भिराडिल साकुरा पार्क | | – चित्रको नाम बाकसमा खोजर घेरा लगाऊ,<br>– जोडा मिलाउने<br>– ठिक बेठिक छुट्याउने<br>३. अवलोकन<br>४. निरीक्षण<br>५. रूजुसूची | | |
| स्थानीय विकासका पूर्वाधार | १. स्थानीय विकासका आधार बताउन | १. स्थनीय विकासका पूर्वाधार<br>२. चित्रात्मक प्रस्तुति (बाटो, बिजुली, पानी, विद्यालय, सञ्चार) | १. अभिमुखीकरण<br>२. चित्रको प्रदर्शन गरी स्थानीय विकासका अधारहरू सिकाउने<br>३. चित्रबाट बाटो, बत्ती, पानी, धारा, विद्यालयको प्रस्तुति<br>४. भिडियो प्रदर्शन<br>५. अवलोकन, भ्रमण | १. विषयगत प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. प्रयोगात्मक प्रश्न<br>४. निरीक्षण<br>५. अवलोकन<br>६. रुजु सूची | १६ घन्टा सैद्धान्तिक ६ प्रयोगात्मक १० | |
| विपद् व्यवस्थाप | १. विपद्का स्वरूप | १. विपद्को चिनारी,<br>२. व्यक्तिगत सुरक्षा | १. अभिमुखीकरण | १. विषयगत प्रश्नहरू | १६ घन्टा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| न र सुरक्षा | पहिचान गर्न,<br>२. आफू सुरक्षित रहन,<br>३. आफ्ना सामानको सुरक्षा गर्न | ३. आफ्ना सामानको सुरक्षा | २. चित्र वा भिडियोबाट विपद्को परिचय दिने<br>३. चित्र वा भिडियोबाट व्यक्तिगत सुरक्षाका अवस्थाहरू देखाउने<br>४. आफ्ना सामानको सुरक्षा गर्दै गरेको चित्र वा भिडियो देखाउने र सुरक्षा गर्न सिकाउने,<br>५. अवलोकन भ्रमण | २. वस्तुगत प्रश्नः<br>– खाली ठाउँ भर्ने,<br>– जोडा मिलाउने,<br>– ठिक बेठिक छुट्याउने<br>३. प्रयोगात्मक<br>४. अवलोकन<br>५. निरीक्षण | सैद्धान्तिक ६ प्रयोगात्मक १० | |

कक्षाः २

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|---|---|
| भूगोल र इतिहास | १. नगरपालिकाको नाम र ठेगाना बताउन<br>२. वडाको सङ्ख्या भन्न<br>३. वेषभूषा चिन्न र बताउन | १. वडाहरूको रेखाङ्कनसहित नगरपालिकाको नक्सा<br>२. वडाहरूको सङ्ख्या र नाम<br>३. विशेष वेषभूषा र जातजाति (नेवार/तामाङ /मगर) | १. अभिमुखीकरण<br>२. श्रव्यदृश्य सामग्रीको प्रयोग<br>३. चार्ट पेपर वा तस्विरबाट वडाको सङ्ख्या देखाउने | १. विषयगत सङ्क्षिप्त उत्तरात्मक प्रश्न<br>२. वस्तुगत प्रश्न<br>– चित्रमालाबाट हेरी खाली ठाँउ भर्ने,<br>– चित्रको नाम | १८ घन्टा<br>११ घन्टा प्रयोगात्मक<br>७ घन्टा सैद्धान्तिक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४. प्राचीन वस्तीको नाम भन्न | ४. प्राचीन बस्ती: शोणितपुर थानकोट, बलम्बु, किसिपिडी, सतुंगल, मच्छेगाउँ | ४. प्राचीन वस्तीको स्थलगत अवलोकन भ्रमण<br>५. अभिनय गर्ने गराउने, | बाकसमा खोज्ने र घेरा लगाउने,<br>– जोडा मिलाउने,<br>– ठिक बेठिक छुट्याउने<br>३. प्रयेगात्मक<br>४. अवलोकन<br>५. निरीक्षण | | |
| हाम्रो स्थानीय सरकार | १. वडा समितिको संरचना बताउन<br>२. वडा समिति र समुदायको सम्बन्ध उल्लेख गर्न | १. वडा समिति<br>२. वडा समितिका सदस्य<br>३. वडा अध्यक्ष<br>४. वडा समिति र समुदाय | १. अभिमुखीकरण<br>२. वडा समितिको बनोटको चित्रात्मक प्रस्तुति<br>३. समिति बन्ने ढाँचा<br>४. छलफल, प्रयोग, प्रश्नोत्तरको विधि प्रयोग<br>५. अवलोकन, निरीक्षण भ्रमण | १. विषयगत मौखिक र लिखित प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. प्रयोगात्मक प्रश्न<br>४. अवलोकन<br>५. निरीक्षण<br>६. रुजु सूची | १६ घन्टा सैद्धान्तिक ७ प्रयोगात्मक ९ | |
| हाम्रो सांस्कृतिक सम्पदा | १. ढुङ्गेधारा (हिटी), मूर्ति, चैत्यको जानकारी दिन<br>२. मातातीर्थ परिसरको | १. ढुंगेधारा (हिटी),मूर्ति, चैत्य<br>२. मातातीर्थ परिसर<br>३. मातातीर्थ क्षेत्रकै पाटीपौवा सत्तल चौतारा | १. अभिमुखीकरण,<br>२. श्रव्यदृश्य सामग्रीको प्रयोग,<br>३. मातातीर्थ मन्दिर परिसरमा रहेका | १. विषयगत सङ्क्षिप्त उत्तरात्मक प्रश्न (लिखित+ मौखिक)<br>२. वस्तुगत प्रश्न | १८ घन्टा सैद्धान्तिक ६ प्रयोगात्मक ८ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिचय बताउन<br>३. लोकबाजा चिन्न र नाम बताउन | ४. सहनइ (म्याली), बाँसुरी, न्याँखी, झ्याली, डम्फु, मादल, काँ, धिमे अन्य | सांस्कृतिक सम्पदा पाटी पौवा सत्तल चौताराको चित्रात्मक प्रस्तुति र छलफल,<br>४. विभिन्न लोकवाजाका तस्विर एवं भिडियो प्रदर्शन<br>५. स्थानीय व्यक्तिहरूसँग छलफल, अन्तक्रिया र अवलोकन भ्रमण | – चित्रमाला हेरी खाली ठाँउ भर्ने,<br>– चित्रको नाम बाकसमा खोजर घेरा लगाउने,<br>– जोडा मिलाउने,<br>– ठिक बेठिक छुट्याउने<br>३. प्रयोगात्मक<br>४. अवलोकन<br>५. निरीक्षण<br>६. रुजु सूची | | |
| वन, वातावरण तथा सरसफाइ | १. सरसफाइको महत्त्व बताउन,<br>२. आफ्नो कोठा र कक्षा कोठा सफा राख्न,<br>३. फोहोर सङ्कलन गर्न | १. वन र वातावरण<br>२. सरसफाइको महत्त्व ,<br>३. आफ्नो कोठाको सरसफाइ<br>४. कक्षा कोठाको सरसफाइ,<br>५. फोहोर सङ्कलन | १. अभिमुखीकरण,<br>२. चित्र वा भिडियोद्वारा वन र वातावरणको परिचय दिने<br>३. चित्रद्वारा सरसफाइको महत्त्व बताउने<br>४. कक्षाकोठा सफा गर्दै गरेको चित्र देखाई | १. विषयगत प्रश्न (मौखिक+ लिखित)<br>२. वस्तुगत प्रश्न<br>– जोडा मिलाउने,<br>– खाली ठाउँ भर्ने,<br>– ठिक बेठिक छुट्याउने<br>३. प्रयोगात्मक प्रश्न<br>४. अवलोकन | १८<br>सैद्धान्तिक ८<br>प्रयोगात्मक १० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चन्द्रागिरि पर्यटन | १. चन्द्रागिरि पर्यटनको उपलब्धि बताउन<br>२. पर्यटन पूर्वाधारको महत्त्व बताउन<br>३. चनपाको पर्यटन नीति उल्लेख गर्न<br>४. पैदल भ्रमण (ट्रेकिङ/ हाइकिङ) गर्न<br>५. विश्वसम्पदा सूचीसँग चन्द्रागिरिको सम्बन्ध बताउन<br>६. चन्द्रागिरिबाट देखिने | १. चन्द्रागिरि पर्यटनको उपलब्धि<br>२. पर्यटन पूर्वाधारको महत्त्व<br>३. चनपाको पर्यटन नीति<br>४. पर्यटकीय पैदल मार्ग(मदन भन्डारी पार्क देखि कालुपाण्डे समाधि स्थलहुदै दहचोकसम्म, बलम्बु श्रीगाःहुँदै इन्द्रथानसम्म,यक्षघाट शक्रसोपान पर्वत | १. अभिमुखीकरण<br>२. पैदल मार्ग अवलोकन भ्रमण<br>३. विज्ञसँग छलफल र अन्तर्क्रिया, संवाद<br>४. श्रृव्यदृश्य सामग्रीको प्रयोग<br>५. प्रयोगात्मक कार्य<br><br>हाइकिङ् ट्रेकिङ अध्ययन भ्रमण र प्रतिवेदन लेखन | १. विषयगत प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. प्रयोगात्मक प्रश्न<br>४. रुजु सूची<br>५. श्रेणी मापन<br>६. अवलोकन र प्रतिवेदन लेखन | २० घन्टा<br>१२ सैद्धान्तिक<br>८ प्रयोगात्मक | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हिमश्रृङ्खलाहरूको जानकारी दिन | सरमहादेव हुँदै इन्द्रथानसम्म,<br>५. थानकोट सेतीदेवी,गोर्खाली तेर्सो बाटो हुँदै मसिनेसम्म,<br>६. तीनथाना, टौखेल मच्छेगाउँ हुँदै शान्ति स्तुपसम्म<br>७. चेकपोस्ट, महाङ्काल, रामलक्ष्मण घुँडा धसेको ढुङ्गा हुँदै भालेश्वरसम्म,<br>८. तीनथाना नतिदूल, बलम्बु, बाणस्थली, थानकोट चुनिखेल हुँदै चन्द्रागिरि भञ्याङ्सम्म<br>९. विश्व सम्पदासूचीमा सूचीकृत स्थलहरूसित चन्द्रागिरिको अन्तरसम्बन्ध<br>१०. चन्द्रागिरिबाट देखिने हिमशृङ्खलाहरूको अवस्थिति | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्थानीय विकासका पूर्वाधार | १. सूचना प्रविधिको आवश्यकता, प्रयोग र महत्त्व उल्लेख गर्न<br>२. स्थानीय विकासका पूर्वाधारमा मानव संसाधान विकासको महत्त्व बताउन<br>३. नगरपालिकाका पूर्वाधार विकासका अल्पकालिक, मध्यकालिक र दीर्घकालिक रणनीतिक योजनाको जानकारी दिन | १. सूचना प्रविधि र सूचना कक्षको व्यवस्थापन<br>२. मानव संसाधनको विकास र महत्त्व<br>३. पूर्वाधार विकासमा नगरपालिकाको योजनाः अल्पकालिक योजना (वार्षिक),मध्याकालिक योजना (दुई वर्ष)दीर्घकालिक योजना (५ वर्ष-१०वर्ष) । | १. अभिमुखीकरण<br>२. श्रव्यदृश्य सामग्रीको प्रयोग<br>३. प्रयोगात्मक अभ्यास<br>४. अवलोकन भ्रमण<br>५. प्रश्नोत्तर, छलफल<br>६. परियोजना कार्य<br>७. विज्ञसँग भेटघाट र अन्तर्वार्ता | १. विषयगत प्रश्न (मौखिक, लिखित)<br>२. वस्तुगत प्रश्न<br>३. प्रयोगात्मक प्रश्न<br>४. रुजु सूची<br>५. निरीक्षण<br>६. अवलोकन र प्रतिवेदन<br>७. अन्तर्वार्ता | सैद्धान्तिक –८<br>प्रयोगात्मक–६ | |
| विपद् व्यवस्थापन र सुरक्षा | १. प्राकृतिक र मानव सिर्जित विपद्का रूप प्रस्तुत गर्न<br>२. विपद्को समयमा सुरक्षित रहन गर्नुपर्ने आवश्यक कार्यहरूको विवरण प्रस्तुत गर्न | १. प्राकृतिक विपद्<br>२. मानव सिर्जित विपद्<br>३. विपद्का रूप<br>४. विपदबाट उत्पन्न हुने जोखिम<br>५. विपद् जोखिम न्यूनीकरणमा भूमिका खेल्ने निकाय | १. अभिमुखीकरण<br>२. चित्र तथा भिडियो प्रदर्शन<br>३. स्थलगत अवलोकन भ्रमण<br>४. व्याख्या, छलफल, अन्तर्वार्ता<br>५. परियोजना कार्य | १. विषयगत प्रश्न<br>२. वस्तुगत प्रश्न<br>३. प्रयोगात्मक प्रश्न<br>४. रुजु सूची<br>५. श्रेणी मापन<br>६. घट्नावृत्त अभिलेख | सैद्धान्तिक –८<br>प्रयोगात्मक–६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. विपदका रूपहरू बताउन<br>४. विपद्मा मनोपरामर्शको आवश्यकता र महत्त्व बताउन<br>५. विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणमा विभिन्न व्यक्ति तथा निकायको भूमिका उल्लेख गर्न<br>६. विपद् व्यवस्थापनमा नगरपालिकाको भूमिका बताउन | ६. विपदमा मनोपरामर्श<br>७. नगरभित्र आइपर्न सक्ने सम्भावित विपद्<br>८. विपद् व्यवस्थापनका लागि नगरपालिकाको रणनीतिक र योजना | ६. प्रयोगात्मक अभ्यास | ७. निरीक्षण, अवलोकन र प्रतिवेदन | | |

## सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

स्थानीय पाठ्यक्रम "हाम्रो चन्द्रागिरिमा समेटिएको पाठ्यविषयवस्तुलाई नौ ओटा विभिन्न विषय क्षेत्र (एकाइ) मा वितरण गरिएको छ । यसमा समेटिएका विषयवस्तुको प्रकृति फरक भएपनि महत्त्वका दृष्टिले सबै समान छन् । यस पाठ्यक्रमले ज्ञान, सिप र धारणा तिनै पक्षलाई समेट्नुपर्ने अपेक्षा गरेको छ । अधिकांश विषयवस्तुको प्रकृति प्रयोगमूलक तथा व्यवहारिक ज्ञानमूलक भएको हुँदा यहाँ अध्ययन, अवलोकन, भ्रमण निरीक्षण जस्ता क्रियाकलापहरूलाई बढी प्राथमिकता दिइएको छ । स्थानीय पाठ्यक्रमले स्थानीय परिवेशभित्रका विविध विषयवस्तुलाई नै समेट्नुपर्ने र सोही अनुरूप शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने अपेक्षा गरेको छ । यसर्थ सिकारु विद्यार्थीमा रहेको सिर्जनात्मक क्षमता प्रस्फुटन गराउने उद्देश्यले व्यावहारिक र प्रयोगमूलक विधिमा आधारित कार्ययोजना तयार गरी सिकाउनु आवश्यक हुन्छ ।

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य प्राप्तिका लागि विशेषतः विभिन्न विधिहरूको सहायता लिनु सान्दर्भिक हुन्छ । जसअनुसार केही विधिहरूलाई नमुनाका रूपमा यहाँ प्रस्तुत गरिएको छः

१. प्रश्नोत्तर विधिः यो अन्तर्क्रियामा आधारित विधि हो । यो विधि अवलम्वन गरेर विद्यार्थीहरूलाई शिक्षकभन्दा बढी सक्रिय बनाउन सकिन्छ । यसमा शिक्षक र विद्यार्थी तथा विद्यार्थीबिचमा सवालजवाफ गराइ सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ । हाम्रो स्थानीय पाठ्यक्रमले सरल, उपयोगी, प्रभावकारी र मितव्ययी विधिको रूपमा प्रश्नेत्तर विधिलाई अङ्गीकार गरेको छ ।

२. प्रदर्शन विधिः यो बढी प्रयोगमूलक र कम सैद्धान्तिक विधि हो । विद्यार्थीहरूमा विषयवस्तुप्रति धारणा बसाउन यो विधि बढी प्रभावकारी हुन्छ । यसमा चित्र, तालिका, श्रव्य- दृश्य सामग्री आदिको प्रदर्शन गरी विद्यार्थीहरूमा विषयवस्तुसँग सम्बन्धित ज्ञान र सिपको विकास गराउन तथा धारणा बसाउन सकिन्छ । यो विधि विद्यार्थीहरूको निम्ति रोचक त हुन्छ नै यस विधिबाट आर्जित ज्ञान दीगो हुन जान्छ । पाठ्यक्रमले विषयवस्तुको प्रकृति हेरी यसलाई उपयुक्त विधिको रूपमा स्वीकार गरेको छ ।

३. समस्या समाधान विधिः विषयवस्तुमा आधारित समस्या दिने र मस्तिष्क मन्थन (brain storming) को माधयमबाट समाधान गर्न सिकाउने विधिलाई समस्या समाधान विधि भनिन्छ । यो विधि गरेर सिक्ने (learning by doing) विधिमा आधारित छ । विषयको प्रकृति हेरी यस पाठ्यक्रमले कतिपय स्थानमा यस विधिको उपयोग गर्ने अपेक्षा गरेको छ ।

४. अवलोकन विधिः स्थलगत वा वस्तुगत अवलोकनका माध्यमबाट गराइने मिश्रण सिकाइ क्रियाकलापलाई अवलोकन विधि भनिन्छ । विषयवस्तुको प्रकृतिका आधारमा यो विधिको प्रयोग गरिन्छ । विशेषतः इतिहास भूगोल संस्कृति पूरातत्व वातावरण पर्यटनजस्ता विषयको शिक्षण सिकाइलाई सहजीकरण गर्ने सिलसिलामा यस विधिको प्रयोग प्रभावकारी हुन्छ ।

५. खोज विधिः पूर्व ज्ञान र अनुभवको आधारमा सिकाइसँग सम्बन्धित नयाँ नयाँ सूचना र तथ्यको खोजी गरी अध्ययन गर्ने विधिलाई खोज विधि (discovery method) भनिन्छ । यसमा सिकारु विद्यार्थीलाई सिधै प्रश्नको उत्तर नदिई सिकाइसँग सम्बन्धित सामग्रीहरू प्रदान गरिन्छ र सिकारु विद्यार्थीले उक्त सामग्रीहरूको सहयोगमा सिकाइ समस्या वा प्रश्नहरूको समाधान अर्थात् उत्तर विद्यार्थी आफैले खोज्नुपर्छ। यस विधिका प्रवर्तक जेरोम ब्रुनर हुन्। यो विधि जोन डिवेको गरेर सिक्ने (learning by doing) विधिसँग नजिक छ । यस विधिमार्फत् सिकाइ क्रियाकलापलाई प्रभावकारी र दीगो बनाउन सकिन्छ । यस पाठ्यक्रमले यस विधिको प्रयोगको अपेक्षा गरेको छ ।

६. छलफल विधिः विषयवस्तुमा आधारित रहेर कक्षामा छलफल गराई निष्कर्षमा पुग्ने विधिलाई छलफल विधि भनिन्छ । यसमा विद्यार्थीहरूभित्र अन्तरनिहित प्रतिभाको सहज प्रस्फुटन हुन्छ । पाठ्यक्रममा समाविष्ट विषयवस्तुको प्रकृति हेरी यस विधिलाई प्रयोगमा ल्याउन सकिन्छ ।

७. अभिनय विधिः कुनै पात्र, चरित्र वा व्यक्तित्वसँग सम्बन्धित विषयवस्तुको शिक्षण गर्नुपर्दा यस विधिको प्रयोग गर्न सकिन्छ ।यसमा सम्बन्धित पात्र वा व्यक्तित्वको अभिनय शिक्षक वा विद्यार्थी जो सुकैले गर्न सक्छन्।यस पाठ्यक्रममा समाविष्ट ऐतिहासिक व्यक्तित्त्वहरूका विषयमा अध्यापन गर्दा यो विधि अपानाउन सकिन्छ ।

८. वाचन र कथाकथन विधिः विषयवस्तुलाई कथासूत्रमा शैलीकृत गरी प्रस्तुत गर्ने विधिलाई वाचन/कथाकथन विधि भनिन्छ । यो विधि वातावरण, इतिहास, विपद्, स्थानीय विकासका आधार संस्कृतिजस्ता विषयवस्तुको सिकाइ सहजीकरणमा उपयोगी हुने अपेक्षा गरिएको छ ।

९. परियोजना विधिः विद्यार्थीहरूलाई परियोजना कार्य (project work) मा सामेल गराइ विषयवस्तुको ज्ञान गराउने विधिलाई परियोजना विधि भनिन्छ । यो विधि सिकारुको प्रत्यक्ष सम्लग्नतामा आधारित छ । यो सहभागितामूलक शिक्षण सिकाइ क्रियाकलाप हो । यसमा गरेर सिक्ने (learning by doing) सिद्धान्तको प्रधानता रहेको हुन्छ । यो विधि आकासे पानी सङ्कलन, फोहोर सङ्कलन र व्यवस्थापन, विपद् व्यवस्थापन जस्ता विषयवस्तुको सिकाइ क्रियाकलापमा बढी उपयोगी हुने अपेक्षा गरिएको छ ।

१०. घटना अध्ययन विधिः समाजका विविध क्षेत्रसँग सम्बन्धित घटना दुर्घटनाहरूको अध्ययन अवलोकनमा आधारित शिक्षण विधिलाई घटना अध्ययन विधि भनिन्छ । सडक दुर्घटना, प्राकृतिक प्रकोप, आदिसँग सम्बन्धित विषयवस्तुको सिकाइ सहजीकरणमा यो विधि उपयोगी हुन्छ ।

११. क्षेत्र भ्रमण विधिः विषयवस्तुसँग सम्बन्धित क्षेत्र वा स्थानको भ्रमण गरी अध्ययन गर्ने विधिलाई क्षेत्र भ्रमण (field trip) विधि भनिन्छ । यसमा सिकारुको प्रत्यक्ष सम्लग्नतामा शिक्षण सिकाइ क्रियकलाप अगाडि बढ्छ । यो विधि पनि गरेर सिक्ने (learning by doing) सिद्धान्तमा आधारित छ । यो विधि इतिहास, भूगोल, कृषि, पर्यटन, संस्कृति, कला आदि विषयवस्तुको शिक्षणमा बढी उपयोगी मानिन्छ ।

उपर्युक्त उल्लिखित विधिहरूबाहेक अचेल अन्य विधिहरू पनि व्यवहृत हुँदै आएका छन्। यस प्रकारका विधिहरूले शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउँछन् ।

केही अन्य विधिहरु :

**समालोचनात्मक चिन्तनपरक विधिहरू**

विषयवस्तुको गुण दोषका आधारमा तथ्यहरूको विश्लेषण गर्दै शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने र सिकाउने विधिलाई समालोचनात्मक चिन्तनपरक विधि भनिन्छ । यो सिकाइ सहजीकरण प्रक्रियामा देखा परेको नवीनतम विधि हो ।यसभित्र पनि विभिन्न विधिहरूको परिकल्पना गरिएको पाइन्छ ।

१. मस्तिष्क मन्थन (brain storming) विधि

२. सङ्गठित सिंहावलोकन (structure overview) विधि

३. जिग्सअ (Jigsaw) विधि

४. सोच, जोडी, विचार आदान प्रदान (Think, Pair, Share) विधि

५. सङ्क्षिप्त /द्रुत लेखन (Quick writing) विधि

६. मान्यता (Value line) विधि आदि ।

सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी केन्द्रित विधिलाई प्राथमिकता दिनुपर्छ । माथि उल्लिखित नयाँ विधि, पुराना विधि वा अन्य कुनै विधिहरू नै किन नहोऊन्, सबैमा विद्यार्थीको सक्रिय भूमिकाले स्थान पाउनुपर्छ । यहाँ उल्लिखित विधिहरू नमुनामात्र हुन्। शिक्षाशास्त्रले अन्य थुप्रै विधिहरूको परिकल्पना र प्रयोग गरेको छ । पाठ्यवस्तुको प्रकृति अनुकूलको जुनसुकै विधि अपनाएर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ । स्थानीय पाठ्यक्रम र स्थानीय विषयवस्तु अनुकूल हुने अन्य कुनै शिक्षक सिर्जित विधि पनि प्रयोग गर्न सकिन्छ ।

## विद्यार्थी मूल्याङ्कन

विद्यार्थी मूल्याङ्कन विद्यार्थीको सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । आधारभूत तहका बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न विद्यार्थी मूल्याङ्कन अपरिहार्य छ भन्ने सन्देश विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप र आधारभूत तहको पाठ्यक्रममा आत्मसात गरिएको छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका अभिलेखलाई सञ्चित गरी आवश्यकतानुसार सिकाइको मूल्याङ्कनका रूपमा अर्थात विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । नेपालको विद्यालय शिक्षाको स्वीकृत पाठ्यक्रम संरचनाका आधारमा उल्लिखित विद्यार्थी मूल्याङ्कनका सिद्धान्त अनुसार नै यो स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि आवश्यक साधन र प्रक्रिया विकास गरिएको छ ।

विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्ता मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीका सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइका क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता प्रदान गरी माथिल्ला सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाकासाथ न्यूनतम स्तरका सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## मूल्याङ्कनको विधि र साधन

आधारभूत तहमा विद्यार्थीको उमेर र सिकाइ अवस्थालाई विचार गरी तीन तहमा वर्गीकरण गरिएको छ । कक्षा १ देखि कक्षा ३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनमा जोड दिइएको छ । कक्षा ४ र ५ मा आन्तरिक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कनको भार समान कायम गरिएको छ । कक्षा ६ देखि ८ का लागि आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको भार समान भएपनि कक्षा ४ र ५ मा हुने आन्तरिक मूल्याङ्कनलाई बढी विविधिकरण गरिएको छ । कक्षा ४ देखि ८ मा ५० प्रतिशत भार निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत भार निर्णयात्मक मूल्याङ्कनबाट वार्षिक मूल्याङ्कन गरिनु पर्छ ।

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङख्या, शिक्षकका क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका साधनहरूले सिकाइ उपलब्धिअनुसारको सूचक अर्थात विद्यार्थीको अपेक्षित क्षमता मापन गर्न सक्नुपर्ने भएकाले साधनहरू वैध हुनुपर्छ । मूल्याङ्कनका साधनहरूको अर्को गुण भनेको फरकफरक स्थान तथा व्यक्तिले परीक्षण गर्दा नतिजामा एकरूपता आउनुपर्दछ अर्थात साधनहरू विश्वसनीय हुनुपर्छ । मूल्याङ्कन साधनहरूको अर्को महत्वपूर्ण गुण भनेको विविधताको सम्बोधन गर्न सक्नु हो । यहाँ विविधतालाई मूलतः दुई रूपमा लिन सकिन्छ । पहिलो, विद्यार्थीका विविध क्षमता मापन गर्नसक्ने गरी साधनमा विविधता कायम गर्नु हो भने अर्को एकभन्दा बढी साधन प्रयोग गर्नु वा एकभन्दा बढी साधन विकास गरी विद्यार्थीको रुचि तथा प्राथमिकताअनुरुपको साधन छनोट गरी प्रयोग गर्नु पनि विविधताको सम्बोधन हो ।

मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । केकस्ता तरिका तथा साधनहरू प्रभावकारी हुन्छन् भन्ने कुरामा विभिन्न पक्षले प्रभाव पारेका हुन्छन् । त्यसैले यस्तै तरिका तथा साधन मात्र प्रयोग गर्नुपर्छ भन्ने कुरा उपयुक्त नहुने भएकाले मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू मात्र यहाँ उल्लेख गरिएको छ ।

शिक्षकले आवश्यकतानुसारका तरिका तथा साधन छनोट गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका (portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

**कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन**

कक्षा १—३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनका विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ ।

कक्षा १—३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको

व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एक दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिन भने उपयुक्त हुदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ । कक्षा १—३ मा विद्यार्थी मूल्याङ्कनको प्रक्रिया सामान्यतया निम्नअनुसार हुने छः

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापका अभिन्न अङगका रूपमा कक्षा क्रियाकलापसँग एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।

२. सिकाइ उपलब्धि र तिनका विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।

३. दैनिक कक्षा क्रियाकलापसँग विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रियाद्वारा निर्धारित न्यूनतम सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।

४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइक्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।

५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग तथा आवश्यकतानुसार विश्लेषण, मूल्याङ्कन र सिर्जनालगायतका उच्च क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।

६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहारकुशल सिप प्राप्तिमा विद्यार्थीले हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।

७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइका प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकका सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।

८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनका नतिजाका साथ अन्य सान्दर्भिक विवरणसहितको कार्यसञ्चयिका (portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।

९. मूल्याङ्कन नतिजाका अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावि सिकाइका योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।

१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।

कक्षा १-३ का विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्दछन्ः

**तालिका : विद्यार्थीको मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क्र. सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजु सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजु सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |
| ७ | स्वमूल्याङ्कन | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ८ | अभिभावकका प्रतिक्रिmया | रुजु सूची, श्रेणी मापन, फाराम | |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजु सूची, श्रेणी मापन, फाराम | |

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ् गर्नुपर्दछः

**तालिका : विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरका सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |

| | | |
|---|---|---|
| उच्च (advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइका योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउन प्रयास गर्नुपर्दछ । यदि पटक पटकका प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइपछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूका सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएका अभिलेख नै विद्यार्थीका वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिका यस्ता अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।विद्यार्थी मूल्याङ्कनका लागि नमुना साधन, साधन प्रयोग गर्ने तरिका तथा मूल्याङ्कनका अभिलेख व्यवस्थापनसम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनका प्रयोग**

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफनो कक्षाकोठामा भएका विद्यार्थीका अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएका आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले

अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूको लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिmया अपनाउनुपर्ने छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उपयोगी मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको विविधता र परिस्थितिजन्यतालाई विचार गर्दा सबै तरिका तथा साधनहरू उल्लेख गर्न सम्भव देखिदैन र यसो गर्न उपयुक्त पनि हुँदैन । त्यसैले, यहाँ वैकल्पिक तरिका तथा साधनका केही उदाहरण मात्र प्रस्तुत गरिएको छ ।

१. दृष्टि क्षमता कमजोर भएका विद्यार्थीका लागि पढ्नुपर्ने कार्य वा प्रश्न ठलो आकारको अक्षरमा छाप्ने, अतिरिक्त प्रकाश भएको स्थानमा कार्य गर्न वा परीक्षा दिन व्यवस्था गर्ने, परिस्थितिअनुरूप आवश्यक देखिए अतिरिक्त समय दिने इत्यादि ।
२. दृष्टिविहीनमध्ये ब्रेललिपि पढन र लेख्न सक्नेहरूका लागि सोहीअनुसार व्यवस्था गरी आवश्यकतानुसार अतिरिक्त समय दिने । तर ब्रेललिपि प्रयोग नगर्नेका लागि सहयोगी व्यवस्था गर्ने वा मौखिक वा अन्य कुनै वैकल्पिक तरिका तथा साधन प्रयोग गर्ने । जस्तै, विकल्पका रूपमा प्रश्न वा कार्यको निर्देशनको रेकर्ड दिएर उत्तर वा कार्यको विवरण रेकर्ड गर्न लगाउने । यस्ता विद्यार्थीहरूका लागि चित्र बनाउन तथा प्रयोगात्मक कार्यमा विकल्प तयार गर्ने ।
३. दृष्टि क्षमता कमजोर भएका र दृष्टिविहीनका लागि लिखित कार्यको विकल्प कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सक्ने भएमा त्यसको उपयोग गर्न सकिन्छ ।
४. कमजोर सुनाइ क्षमता भएकाहरूका लागि मौखिक प्रश्न तथा निर्देशनमा विशेष ध्यान दिई आवश्यक भए वैकल्पिक तरिका प्रयोग गर्नुपर्छ । यस्ता विद्यार्थीका लागि विकास गरिएका कम्प्युटर प्रविधि तथा सफ्टवेयर उपलब्ध भएमा र प्रयोग गर्न सकेमा त्यसको उपयोग गर्न सकिन्छ ।
५. शारीरिक रूपमा कमजोर तथा अपाङ्गता भएकाहरूका लागि अपाङ्गताको स्वरूपअनुरूपको वैकल्पिक प्रबन्ध गर्ने ।
६. बौद्धिक अपाङ्गता भएका लागि आवश्यकतानुसार वैकल्पिक तरिका तथा साधनहरूको पहिचान, तयारी तथा प्रयोग गर्ने ।

**कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने छ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कनमा कक्षागत सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, प्रयोगात्मक तथा परियोजना कार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक तथा त्रैमासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ । यस्तो मूल्याङ्कनमा विद्यार्थीको अभिलेख राखी सिकाइ अवस्था यकिन गरी सुधारात्मक तथा उपचारात्मक सिकाइबाट सुधार गर्ने पक्षमा जोड

दिइने छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ ।

**तालिका : निर्माणात्मक मूल्यमान्यताका साधनहरू र प्रयोग**

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स र श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य÷परियोजना कार्यको मूल्यमान्यता गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | सामाजिक अध्ययनका प्रक्रियागत सिपहरूको मूल्यमान्यता, पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नु पर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखीत गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

परीक्षामा अपाङ्गता भएका तथा विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूलाई केही खास खास विषयहरूमा अरू साधारण विद्यार्थीहरूलाई दिइने प्रश्नभन्दा अलग प्रश्न बनाई मूल्याङ्कन गर्नुपर्ने छ । विशेष आवश्यकता भएका विद्यार्थीका लागि परीक्षाको समय थप गर्न सकिने छ । विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

निर्णयात्मक मूल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनको रुपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ । आन्तरिक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनको रूपमा अभिलेख गर्नुपर्छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्ता अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ:

| सि. नं. | मूल्यमान्यताका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |

उल्लिखित मूल्यमान्यता तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यका कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नुपर्दछः

| क्र. सं. | रेटिङ् आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट(advanced) | उच्च (proficient) | राम्रो(above basic) | सामान्य(basic) | कमजोर(below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १. | सहभागिता | कक्षामा सँधै उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएको | कक्षामा अधिकाश दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | विषयवस्तुसम्बन्धी ज्ञान, सिपका विश्लेषणसहित दैनिक जीवनमा तिनको सिर्जनात्मक प्रयोग गरी व्यवहार आर्जन गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपमा प्रणेतासहित सामान्य विश्लेषण गर्न र दैनिक जीवनमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनमा सामान्य रूपमा प्रयोग गर्न सकेमा | विषयवस्तुसम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तुसम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३. | प्रयोगात्मक/ | निर्देशनअनुसार चरणबद्ध रूपमा | निर्देशनअनुसार चरणबद्ध रूपमा | निर्देशनअनुसार चरणबद्ध रूपमा | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | परियोजना कार्य | तोकिएको समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समुहमा आफ्नो जिम्मवारी पूरा गरेको | तोकिएकाभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समुहमा आफ्नो जिम्मवारी पूरा गरेको | तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तरतथ्याङ्क व्यवस्थित नगरेको र समुहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | कठिनाइ भएको, तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समुहमा आफ्नो जिम्मेवारी कहिलेकाही मात्र पूरा गरेको | सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाई भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समुहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

**मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि नमूना मापनको आधार**

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा माथि उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूका कार्य सम्पादन तथा सिकाइस्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायको कार्य गनुपर्ने छः

विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगको लागि गर्नुपर्ने कार्य

| उत्कृष्ट (advanced) | उच्च (proficient) | राम्रो (above basic) | सामान्य (basic) | कमजोर (below basic) |
|---|---|---|---|---|
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइको लागि साथीहरूलाई सिकाउने मदत गर्न एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्न अवसर दिने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समुहमा छलफल गर्न लगाउने | अन्य क्रिmयाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रिmयाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारका सहभागिताको स्तर र मुख्य सिकाइ, विद्यार्थीको सिकाइस्तरको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछः

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४, ५ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहभागिताको स्तर | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | | |
| | | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर<br>प्राप्ताङ्क= मुख्य सिकाइ उपलब्धिमा प्राप्त गरेको जम्मा अङ्क / ५ × मुख्य सिकाइ उपलब्धि सङ्ख्या | |
| १ | | | | | |
| औसत उपलब्धि स्तर | | | | | |

**प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कनः**

यस पाठ्यक्रममा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ ।

| क्र.सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>प्राप्ताङ्क= परियोजनाकार्यमा जम्मा प्राप्त अङ्क × भार / ५ × परियोजना कार्य संख्या सङ्ख्या | कार्य | उपलब्धि स्तर<br>प्राप्ताङ्क= परियोजनाकार्यमा जम्मा प्राप्त अङ्क × भार / ५ × परियोजना कार्य संख्या सङ्ख्या | |
| १ | | | | | | |
| २ | | | | | | |
| औसत उपलब्धिस्तर | | | | | | |

## त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क

| क्र.सं. | त्रैमासिक परीक्षा | प्राप्ताङ्क | भार | भारअनुसारको प्राप्ताङक (प्राप्ताङ्करपूर्णाङ्क × भार) | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिलो | | ५ | | |
| २ | दोस्रो | | ५ | | |
| | जम्मा | | १० | | |

**अन्तिम परीक्षाः**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ ।

**विद्यार्थीको समग्र सिकाइस्तर (Overall grading)**

| सि. नं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| **उपलब्धि प्रतिशत** | **अक्षरमा उपलब्धि स्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|
| २० भन्दा कम | E | ज्यादै कमजोर (Far below from basic) |
| २० देखि ४० भन्दा कम | D | कमजोर (Below basic) |
| ४० देखि ६० भन्दा कम | C | सामान्य (Basic) |
| ६० देखि ७५ भन्दा कम | B | राम्रो (Above basic) |
| ७५ देखि ९० भन्दा कम | A | उच्च (Proficient) |
| ९० देखि माथि | A* | उत्कृष्ट (Advanced) |

**कक्षा ६-८ मा विद्यार्थी मूल्याङ्कन**

निर्णयात्मक मल्याङ्कनको कूल भारको ५० प्रतिशत आन्तरिक मल्याङ्कनका रूपमा आन्तरिक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

**(क) आन्तरिक मूल्याङ्कन**

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मल्याङ्कनको रूपमा अभिलखित गर्नुपर्छ । यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (portfolio) व्यवस्थित गरी

राख्नुपर्छ । यस्ता अभिलेखको आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छः

| सि. नं. | मूल्यमान्यताका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिताः कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | प्रयोगात्मक/परियोजना | ३६ |
| ३ | त्रैमासिक परीक्षाहरु | १० |
| जम्मा | | ५० |

**(ख) आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित प्रश्न हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ ।

## अनुसूची १ः आधारभूत तह (कक्षा १-३) मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोगसम्बन्धी मार्गदर्शन

कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट पारिएको छ । त्यसमा मूल्याङ्कनका सम्भाव्य विधि, प्रक्रिया, तरिका तथा साधनहरू उल्लेख गरिएको छ । यहाँ, यस पाठयक्रमको मूल्याङ्कन खण्डमा उल्लिखित उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा साधनहरूका प्रयोग तथा नतिजाको अभिलेखीकरणसम्बन्धी तरिका तथा साधन र तिनका प्रयोग गर्ने तरिका विषयक्षेत्रगत रूपमा समावेश गरिएको छ ।

### मूल्याङ्कन गर्ने तरिका

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषयक्षेत्रका सिकाइ उपलब्धिमा केकति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ ।

२. विद्यार्थीको उपलब्धिस्तरलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ् गरी विषयक्षेत्रअनुसारको सिकाइ उपलब्धिमा अभिलिखित गर्नुपर्छ ।

### विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरका सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल भई माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको |

उल्लिखित मापदण्ड विद्यार्थीको स्तर पहिचान गर्न सामान्य आधार मात्र भएकाले विषयक्षेत्रगत रूपमा उल्लिखित आधार र व्याख्या थप विशिष्ट स्वरूपको हुने भएकाले विद्यार्थी मूल्याङ्कन गर्दा त्यसैलाई प्रयोग गर्नुपर्छ ।

३. सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको

सिकाइपछि अभिभावकसँग छलफल गर्न विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयका अन्तरालमा अभिभावकसँग छलफल सबैका लागि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएको थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइको विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

४. नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छः

- विषयक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट हुने विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूका समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएका कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसारको प्रयोजनका लागि प्रयोग गर्न सकिन्छः

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफनो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफनो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित गर्न
- अभिभावकले विद्यार्थीले गरेका कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न

- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधार गर्न

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू**

१. मूख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका मूल्याङ्कनका साधनमध्येमा जुन सिकाइस्तरमा उपलब्धि प्राप्त भएको हो सो स्तरमा चिह्न लगाउने ।

२. हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एक पटकका परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरका सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नु पर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएका मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ र २ मा छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक पटकका सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्न्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउन अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमका समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

$$\text{विषयक्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरका अङ्कको जोड} \times १००}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरुको संख्या}}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छः

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सा भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | A+ | उत्कृष्ट |

## अनुसूची २: विद्यार्थीको व्यक्तिगत विवरण

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

(क) विद्यालयको नामः ................................................................................

(ख) ठेगानाः ...............................................................................................

(ग) विद्यार्थीको नामः .....................................................................................

(घ) जन्म मितिः ..................................................................................

(ङ) विद्यार्थीको घरको ठेगानाः .....................................................................

(च) पारिवारिक विवरणः

(अ) आमाका नामः ...............................पेसाः ............ सम्पर्क नं. : ..................

(आ) बाबुको नामः ...............................पेसाः ............ सम्पर्क नं.: ..................

(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावककोः

(अ) नामः .............................................पेसाः ............ सम्पर्क नं.: ................

(आ) विद्यार्थीसँगको नाताः .............................

(ज) विद्यालय भर्ना मिति र कक्षाः ............................

(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमताः ............................

(ञ) अघिल्लो अनुभवः

(अ) कक्षा १ भर्ना भएका भए प्रारम्भिक बालविकास तथा शिक्षाका अनुभव भए नभएको .........................

(आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अन्य अनुभव ...............................

२. स्वास्थ्यसम्बन्धी विवरण

(क) तौल र उचाइ

| मिति | तौल (कि.ग्रा.मा) | उचाइ (से.मि.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विशेष रोग भएमा सोबारे टिपोटः ..........................................................................

(ग) कुनै अपाङगता भए सोको विवरणः ..........................................................................

(घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भएः .......................................................

## अनुसूची ३:    विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

.................विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

१. मापनका आधारः निम्नलिखित आधारमा विद्यार्थीको सिकाइ स्तरका मापन १, २, ३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिमअनुसार उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपलब्धिस्तरको अङक (१, २, ३ वा ४) चढाउनुहोस् । सिकाइ उपलब्धि मापन गर्दा उचित मापदण्ड प्रयोग गर्नुहोस् । यो अभिलेख फारम मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ ।

२. मूल्याङ्कन अभिलेखीकरण फाराम

कक्षाः .............    विषयः .........    विद्यार्थीको नामः.................................

विषयक्षेत्रः .................................

| सिकाइ उपलब्धि | परीक्षण गर्ने पक्ष | साधन | नियमित पढाइका मल्याङकन | | थप सहायतापछिका मल्याङकन | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङकन | मिति | अङकन | |
| | | कुराकानी | | | | | |
| | | अवलोकन | | | | | |
| | | छलफल | | | | | |
| | | प्रश्नोत्तर | | | | | |
| | | अर्थबोध र प्रयोग | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अभिभावकको दस्तखतः    शिक्षकको दस्तखत र मितिः    उपलब्धि स्तरः

## अनुसूची ४: विद्यार्थीको समग्र प्रगति प्रतिवेदनको ढाँचा

### विद्यार्थीको प्रगति प्रतिवेदन

विद्यार्थीको नामः कक्षाः रोल नं.:

विद्यालयको नामः सङ्केत नं.: वर्षः

उपस्थितिः विद्यालय सञ्चालन भएको दिनः .................. उपस्थित भएको दिन र प्रतिशतः........, ...........

| वm. सं. | विषयक्षेत्र | पाठ्यघण्टा | सिकाइ उपलब्धि सङ्ख्या | समग्र उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाली | ५ | | | |
| २ | गणित | ४ | | | |
| ३ | अङ्ग्रेजी | ४ | | | |
| ४ | हाम्रो सेरोफेरो | ८ | | | |
| ५ | मातृभाषा वा स्थानीय विषय .................. | ५ | | | |

(क) विषयगत सिकाइ उपलब्धि प्रतिशतको आधारमा समग्र विषयक्षेत्रगत सिकाइ उपलब्धि स्तर उत्कृष्ट (९० देखि १००%) लाई A+, उच्च (७५ देखि ९०%) लाई A , राम्रो (६० देखि ७५%) लाई B, सामान्य (४५ देखि ६० %) लाई C, कमजोर (३० देखि ४५ %) लाई D र ज्यादै कमजोर (३०% भन्दा कम) लाई E स्तर निर्धारण गर्नुपर्छ ।

(ख) विद्यार्थीको प्रगति प्रतिवेदन यस पाठ्यक्रममा दिइएका समग्र मूल्याङ्कन गर्ने तरिकाको आधारमा भर्नुपर्छ ।

....................... .......................

कक्षा शिक्षक प्रधानाध्यापक मितिः